नेपालको पहिलो बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

# विशेष साधारण सभा, २०७७

## (प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा)

"Pioneer Bank with Customer Service Excellence"

# नेपाल बैंक लिमिटेडको विशेष साधारण सभा सम्बन्धी सूचना

यस बैंकको सञ्चालक समितिको मिति २०७७/०५/२५ गते बिहीबार बसेको सातौं बैठकको निर्णयानुसार देहायका विषयमा छलफल र निर्णयका लागि भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting) मार्फत बैंकको विशेष साधारण सभा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको सहभागिताका लागि अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ ।

१. **विशेष साधारण सभा हुने मिति, स्थान र समयः**

मिति : २०७७ आश्विन १९ गते, सोमबार

स्थान : बैंकको प्रधान कार्यालय, धर्मपथ, काठमाडौंबाट सभामा सहभागी हुन चाहने शेयरधनी महानुभावहरूलाई Zoom ID/Passcode उपलब्ध गराइनेछ ।

समय : दिनको ११ :०० बजे

२. **छलफलका विषयहरुः**

**क विशेष प्रस्तावहरुः**

१) यस बैंकको सञ्चालक समितिमा सञ्चालकको प्रतिनिधित्व सम्बन्धी साविकको व्यवस्थामा परिवर्तन गरी नेपाल सरकारबाट मनोनित हुने ४ (चार) जना सञ्चालकबाट घटाई ३ (तीन) र सर्वसाधारण शेयरधनीको तर्फबाट निर्वाचित हुने २ (दुई) जना सञ्चालकबाट बृद्धि गरी ३ (तीन) कायम गर्न नियमावलीको सम्बन्धित दफामा संशोधन गर्ने । साथै, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम हुने गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीलाई समयानुकूल अद्यावधिक गर्नुपर्ने भएकोले संलग्न तीन महले प्रस्ताव बमोजिम हुने गरी प्रबन्धपत्र तथा नियमावलीका अन्य व्यवस्थामा संशोधन र थपघट गर्ने ।

२) बैंकको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरूबाट कुनै फेरबदलको सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**सञ्चालक समितिको आज्ञाले**
**केशव प्रसाद भण्डारी**
**कम्पनी सचिव**

# विशेष साधारण सभा सम्बन्धी अन्य जानकारी

१. विशेष साधारण सभा प्रयोजनको निमित्त मिति २०७७/०६/०८ गते शेयरधनी दर्ता पुस्तिका बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७७/०६/०७ गतेसम्म कारोबार भई नियमानुसार शेयर नामसारी भएका शेयरधनीहरूले मात्र विशेष साधारण सभामा सहभागी भई निर्णय प्रकृयामा भाग लिन सक्नु हुनेछ ।

२. कोरोना भाइरस (Covid-19) महामारीको जोखिमका साथै नेपाल सरकारको स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गर्नुपर्ने भएकोले विशेष साधारण सभा भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting) मार्फत गरिने भएकोले शेयरधनी महानुभावहरूलाई भिडियो कन्फ्रेन्सको माध्यमबाट सभामा भाग लिन अनुरोध छ ।

३. भिडियो कन्फ्रेन्स मार्फत आफ्नो मन्तव्य राख्न चाहने शेयरधनी महानुभावहरूले sgm@nbl.com.np मा इमेल गरी वा ०१-४२२२३७१ मा सम्पर्क गरी सभा हुनु भन्दा ४८ घण्टा अगावै आफ्नो नाम र इमेल ठेगाना टिपाउनु पर्नेछ । भिडियो कन्फ्रेन्स मार्फत उपस्थित हुने शेयरधनीहरूलाई Meeting ID/ Passcode उपलब्ध गराई सभामा सहभागी हुने व्यवस्था मिलाइनेछ ।

४. सभामा सहभागी हुन इच्छुक शेयरधनी महानुभावहरूले शेयर प्रमाणपत्र वा हितग्राही (DMAT) खाता खोलिएको प्रमाण/हितग्राही (DMAT) खाता नं/शेयर कित्ता संख्या तथा फोटो सहितको कुनै परिचयपत्र अनिवार्यरूपमा साथमा लिई सहभागी हुनु पर्नेछ ।

५. सभा शुरू हुनुभन्दा १ घण्टा अगाडिबाट भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting) खुल्ला गरिनेछ । उक्त १ घण्टाको समयभित्र सभामा सहभागी शेयरधनीहरूले दिइएको Zoom ID / Passcode को माध्यमबाट Zoom Login गरी आफ्नो परिचय, डिम्याट खाता नं. र शेयर कित्ता संख्या सहित उपस्थितिको जानकारी सभालाई दिनु पर्नेछ । शेयरधनी महानुभावहरूले Chat Box बाट समेत आफ्नो परिचय, डिम्याट खाता नं. र शेयर कित्ता सहितको जानकारी गराई उपस्थिति यकिन गराउन सक्नु हुनेछ । शेयरधनीको उपस्थितिबाट कम्पनी ऐनको व्यवस्था बमोजिम सभाका लागि आवश्यक गणपुरक संख्या पूरा भए पश्चात सभाको कारबाही अगाडि बढाइनेछ ।

६. विशेष साधारण सभा सम्बन्धी कागजातहरू निरीक्षण गर्न तथा प्रतिलिपि आवश्यक भएमा कार्यालय समयभित्र केन्द्रीय कार्यालय धर्मपथ, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ । त्यस्ता कागजात बैंकको वेभसाइट www.nepalbank.com.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

७. सभामा सहभागी हुनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि हुने गरी प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा हुनुभन्दा कम्तीमा ७२ घण्टा अगावै बैंकको शेयर रजिष्ट्रार श्री सिभिल क्यापिटल मार्केट लिमिटेड, सिटिसी मल, सुन्धारा, काठमाडौंमा दर्ता गरिसक्नु पर्नेछ । प्रोक्सी नियुक्ति गर्दा बैंकका शेयरधनीहरूलाई मात्र प्रोक्सी नियुक्त गर्न सकिनेछ । एकभन्दा बढी व्यक्तिलाई शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्टयाएर दिइएको प्रोक्सी बदर हुनेछ ।

८. सभामा सहभागी हुनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फारम सभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै बैंकको शेयर रजिष्ट्रार श्री सिभिल क्यापिटल मार्केट लिमिटेड, सिटिसी मल, सुन्धारा, काठमाडौंमा दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइनेछ । प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनी स्वयम् सभामा सहभागी भएमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

९. संयुक्त रूपमा शेयर ग्रहण गर्ने शेयरधनीहरूको हकमा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मत नियुक्त प्रतिनिधिले मात्र सभामा सहभागी हुन पाउने छन् ।

१०. नाबालक वा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीको तर्फबाट शेयर लगत दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले सभामा सहभागी हुन तथा प्रतिनिधि नियुक्त गर्न सक्ने छन् ।

११. संगठित संस्थाका शेयरधनी भएमा त्यस्तो संगठित संस्थाको तर्फबाट सभामा उपस्थित हुनको लागि मनोनित व्यक्तिले शेयरधनी संस्थाको आधिकारिक पत्रका साथ प्रोक्सी फारममा संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत भएको कागजात पेश गर्नु पर्नेछ ।

१२. विशेष साधारण सभाका सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बैंकको केन्द्रीय कार्यालय, सञ्चालक समिति सचिवालयमा सम्पर्क राख्न समेत अनुरोध छ ।

## प्रतिनिधि (प्रोक्सी) फारम

मितिः ......................

श्री सञ्चालक समिति,
नेपाल बैंक लिमिटेड,
धर्मपथ, काठमाडौं ।

**विषयः प्रतिनिधि नियुक्ति गरिएको बारे ।**

महाशय,

...................................... जिल्ला .................................. न.पा./गा.पा. वडा नं. ......... बस्ने म/हामी ...................................................................................................... ले त्यस बैंकको शेयरधनीको हैसियतले मिति २०७७ साल आश्विन १९ गते सोमबारका दिन हुने विशेष साधारण सभामा स्वयम् सहभागी भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिनका लागि .......................... जिल्ला ...................... न.पा./गा.पा. वडा नं. ...... बस्ने त्यस बैंकका शेयरधनी श्री .................................................................................... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

**मनोनित प्रतिनिधिको:**

दस्तखत नमूनाः

नामः

शेयरधनी नं./हितग्राही खाता नं.:

**निवेदकको:**

दस्तखतः

नामः

ठेगानाः

शेयरधनी नं./हितग्राही खाता नं.:

शेयर संख्याः

## प्रवेश–पत्र

शेयरधनीको नामः ........................................................................... शेयर संख्याः .................

शेयरधनी नं./हितग्राही खाता नं.: ............................ शेयरधनीको दस्तखतः ................................

नेपाल बैंक लिमिटेडको मिति २०७७ साल आश्विन १९ गते सोमबारका दिन हुने विशेष साधारण सभामा सहभागी हुन जारी गरिएको प्रवेश-पत्र ।

...............................
कम्पनी सचिव

# नेपाल बैंक लिमिटेडको विशेष साधारण सभा, २०७७ मा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन

**सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री वासुदेव अधिकारीले प्रस्तुत गर्नुभएको विशेष साधारण सभा सम्बन्धी विवरण**

आदरणीय शेयरधनी महानुभावहरू,

नेपाल र नेपाली जनताको गौरवको रूपमा रहेको नेपालको पहिलो बैंक नेपाल बैंक लिमिटेडको विशेष साधारण सभामा सहभागी सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरू, नियमनकारी निकायबाट पाल्नुभएका प्रतिनिधिहरू, पत्रकार तथा आमन्त्रित अतिथिहरू, बैंक व्यवस्थापन तथा कर्मचारीहरू लगायत सभामा प्रत्यक्ष उपस्थित तथा भिडियो कन्फ्रेन्स Virtual Zoom Meeting मार्फत सहभागी महानुभावहरूमा सञ्चालक समितिका साथै मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दछु ।

१. **विशेष साधारण सभाको आवश्यकताः**

यस बैंकले थप सार्वजनिक निष्काशन (FPO) जारी गर्नु भन्दा अगाडि कायम पूँजी संरचना बमोजिम बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार सञ्चालक समितिमा प्रतिनिधित्व हुने कूल सञ्चालक संख्या ७ मध्ये नेपाल सरकारबाट मनोनित हुने ४ जना, सर्वसाधारण शेयरधनीको तर्फबाट निर्वाचित २ जना र स्वतन्त्र सञ्चालक १ जना रहने व्यवस्था रहेको थियो । नियमावलीमा भएको साविकको व्यवस्था बमोजिम बैंकको ५९औं वार्षिक साधारण सभामा सर्वसाधारण शेयरधनीको प्रतिनिधित्वका लागि तय भएका दुई जना सञ्चालकको निर्वाचन कार्यक्रम विरूद्ध उच्च अदालत पाटनमा परेको रिटको कारण निर्वाचनबाट प्रतिनिधित्व गर्ने सर्वसाधारण शेयरधनी सञ्चालकको पद पूर्ति हुन नसकेको व्यहोरा यहाँहरूलाई अवगत नै छ ।

सम्मानित अदालतको फैसला समयमा प्राप्त नभएको हुँदा गत बर्ष सम्पन्न बैंकको ६० औं वार्षिक साधारण सभामा समेत सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गराउने सम्बन्धमा आवश्यक प्रकृया अगाडि बढाउन नसकिएको व्यहोरा पुनः स्मरण गराउन चाहन्छु । अतः बैंकले FPO निष्काशनको क्रममा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका बमोजिम सर्वसाधारण शेयरधनीको सञ्चालक समितिमा प्रतिनिधित्व हुने व्यवस्था गरिनेछ भनी गरेको प्रतिबद्धता अनुसार कानून बमोजिम आवश्यक प्रकृया पुऱ्याई सञ्चालक समितिमा सो बमोजिम प्रतिनिधित्व हुने आवश्यक व्यवस्था मिलाउन उच्च अदालत पाटनबाट भएको फैसला बमोजिम हाल कायम रहेको नेपाल सरकारको ५१ प्रतिशत र सर्वसाधारण शेयरधनीको ४९ प्रतिशत पूँजी संरचना अनुसार बैंकको नियमावलीमा भएको सञ्चालकको प्रतिनिधित्व सम्बन्धी व्यवस्थामा संशोधन गर्नका साथै बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएका अन्य व्यवस्थाहरूमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन बमोजिम हुने गरी समयानुकूल संशोधन/परिमार्जन/पुनर्लेखन गर्न विशेष साधारण सभा आव्हान गरिएको व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

२. **बैंकको विगत वर्षको कारोवारको सिंहावलोकनः**

आ.ब. २०७५/७६ मा शेयरधनीलाई बोनस शेयर प्रदान गरिएबाट आ.व. २०७६/०७७ मा बैंकको चुक्ता पूँजीमा १५ प्रतिशतले बृद्धि भई रू. ११ अर्ब २८ करोड २८ लाख २० हजार २ सय कायम हुन आएको छ । यस आ.व. मा Actuarial Loss का कारण अघिल्लो आ.व.को तुलनामा जगेडा कोषमा २.९३ प्रतिशतले ह्रास आएको छ । आ.व. २०७६/०७७ को तेस्रो त्रयमास तथा चौथो त्रयमासमा कोरोना भाइरस (कोभिड-१९) को कारणबाट व्यापार बृद्धिको अनुकूल वातावरण नभएतापनि बैंकको समग्र कर्जा, निक्षेप र लगानीमा क्रमशः १२.६३ प्रतिशत, २०.९० प्रतिशत र ९५.३३ प्रतिशतको बढोत्तरी भएको छ ।

बैंकमा निक्षेपमा बृद्धि भई ब्याज खर्च बढेको तथा न्यून स्प्रेड दरको कारण खुद ब्याज आम्दानीमा ९.२२ प्रतिशतले ह्रास आएको छ। त्यस्तै कोरोना भाइरस (कोभिड- १९) को समस्यासँग जुध्न पटक पटक भएको देशव्यापी तथा स्थान विशेष बन्दाबन्दीको कारण लगानीको वातावरण अनुकूल हुन नसकेका कारण बैंकको कूल सञ्चालन मुनाफामा २०.९२ प्रतिशत र खुद मुनाफामा १.५५ प्रतिशतले ह्रास हुन गएको छ। साथै, २०७७ आषाढ मसान्तमा पूँजीकोष अनुपातमा ०.१२ प्रतिशतले ह्रास आएको छ। तथापि उक्त अवधिमा अघिल्लो आ.व.को तुलनामा निष्कृय कर्जामा ०.०५ प्रतिशतले सुधार भई २.५९ प्रतिशत कायम हुन आएको छ।

बैंकको आ.व. २०७५/७६ तथा आ.व. २०७६/७७ को अन्तिम लेखापरीक्षण (अपरिष्कृत) नभएको वित्तीय विवरणमा आधारित बैंकको प्रमुख वित्तीय विवरणर परिसूचकको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ।

(रकम रू. लाखमा)

| क्र.सं. | विवरण | आ.व. २०७६/७७ | आ.व. २०७५/७६ | परिवर्तन |
|---|---|---|---|---|
| १. | शेयर पूँजी | १,१२,८२८ | ९८,१११ | १५.००% |
| २. | जगेडा तथा कोषहरू# | १,८८,९९२ | १,९४,७०२ | -२.९३% |
| ३. | कर्जा | १०,७८,११५ | ९,५७,२४९ | १२.६३% |
| ४. | निक्षेप | १४,२९,८९३ | ११,८२,७५३ | २०.९०% |
| ५. | लगानी | ३,२०,८३८ | १,६४,२५७ | ९५.३३% |
| ६. | खुद ब्याज आम्दानी | ५६,१८९ | ६१,८९५ | -९.२२% |
| ७. | कुल सञ्चालन आम्दानी | ७१,४६० | ७७,३६७ | -७.६४% |
| ८. | सञ्चालन मुनाफा | ३५,६६४ | ४५,१०० | -२०.९२% |
| ९. | खुद मुनाफा | २५,५६४ | २५,९६७ | -१.५५% |
| १०. | पूँजीकोष | १६.६८% | १६.८०% | -०.१२% |
| ११. | निष्कृय कर्जा | २.५९% | २.६४% | -०.०५% |

**# शेयर प्रिमियम + सञ्चित मुनाफा + जगेडा**

देशका सबै जिल्लामा उपस्थिति जनाउन शाखा सञ्जालमा विस्तार गर्दै जाने योजना अनुरूप बैंकले हालसम्म देशका ६४ जिल्लामा रहेका १८९ शाखा, ३२ एक्सटेन्सन काउण्टर र १२५ ATM मार्फत बैंकिङ्ग सेवा उपलब्ध गराउँदै आएको छ।

बैंकले सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै आधुनिक बैंकिङ्ग सेवा सुविधा प्रदान गर्दै आएको छ। प्रविधिमा आधारित सेवाहरू क्रमिक रूपमा विस्तार गरिनेछ। बैंकको वेभसाइटलाई ग्राहक मैत्री बनाउन Live Chatbot System को शुरूवात गरिएको छ। बैंकले हाल प्रयोगमा ल्याइरहेको Software लाई प्रतिस्थापन गरी बैंकको वर्तमान तथा भावी व्यवसायसँग सामञ्जस्य हुने खालको प्रभावकारी एवम् बृहत दायरायुक्त बैकल्पिक Web Based Core Banking Software को खरिद प्रकृया अगाडि बढाइएको छ।

बैंकको सांगठनिक संरचनालाई छरितो र प्रभावकारी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) को लागि एक कार्यदल गठन गरी काम भइरहेको छ । उक्त सर्वेक्षणको राय, सुझाव बमोजिम बैंकको सांगठनिक संरचनामा समय सापेक्ष सुधार गर्दै संगठनलाई सुदृढ, सक्षम र चुस्त बनाउँदै कर्मचारीहरूको उत्पादकत्व बृद्धि गर्न तथा ग्राहकसेवाको गुणस्तरमा थप अभिबृद्धि गर्न तथा बैंकमा संस्थागत सुशासन कायम राख्न सञ्चालक समिति र बैंक व्यवस्थापन प्रतिबद्ध रहेको छ ।

३. **कोरोना भाइरस (कोभिड- १९) को संक्रमण र बैंकको सेवा प्रवाहः**

देशमा कोरोना भाइरस (कोभिड- १९) को संक्रमण, रोकथाम र नियन्त्रण गर्न नेपाल सरकार तथा स्थानीय प्रसाशनको निर्णयबाट देशभर भइरहेको लकडाउन तथा निषेधाज्ञाको अवधिमा समेत बैंकको सेवा प्रवाहलाई अवरूद्ध हुन नदिन बैंकबाट हरसम्भव प्रयास भइरहेको छ । यस अवधिमा बैंकको व्यवसाय विस्तारमा अनपेक्षित परिस्थिति उत्पन्न भई कठिनाइको सामना गर्नुपरेको भएता पनि ग्राहक तथा सेवा प्रवाहमा खटिने कर्मचारीहरूको स्वास्थ सुरक्षालाई ध्यानमा राख्दै न्यूनतम कर्मचारी परिचालन गरी ग्राहकका आवश्यकता पूरा गर्न बैंकबाट अधिकतम प्रयास गरिनुका साथै, डिजिटल माध्यमबाट सेवा उपभोग गर्नका लागि ग्राहक महानुभावहरूलाई प्रोत्साहन गर्ने कार्य भइरहेको छ । कोरोना भाइरसका कारणबाट नियमित बैंकिङ्ग सेवामा परिरहेको असरसँग जुध्दै सेवा प्रवाहमा खटिने कर्मचारीहरूको स्वास्थ्यलाई ख्याल गरी ग्राहक सेवालाई निरन्तरता दिन विभिन्न वैकल्पिक उपायहरू अवलम्बन गरिएको छ । यस असहज परिस्थितिका कारणबाट बैंकको दैनिक कार्य सञ्चालन तथा व्यवस्थापनमा आउन सक्ने समस्याहरूको समाधानका लागि बैंक व्यवस्थापन तहमा एक Quick Response Team गठन भई समस्याको तत्काल सम्बोधन गर्ने कार्य भइरहेको छ ।

**धन्यवाद ज्ञापनः**

यस बैंकप्रति विश्वास राख्नु हुने आदरणीय शेयरधनी महानुभावहरू, हामीलाई सेवा गर्न अवसर प्रदान गर्नुहुने समस्त आदरणीय ग्राहक महानुभावहरू, बैंकको हित तथा प्रगतिको लागि मार्ग निर्देशन दिने नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, महालेखापरीक्षकको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल धितोपत्र विनियम बजार लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड लगायतका अन्य सम्पूर्ण निकायहरू, बैंकका ट्रेड युनियनहरू, बैंकको विकासमा अनवरत परिश्रम गर्ने बैंकका सम्पूर्ण कर्मचारीहरू, सञ्चार जगत र प्रत्यक्ष वा परोक्ष रूपमा नेपाल बैंकसँग हित गाँसिएका संघ संस्था तथा सरोकारवालाहरूलाई बैंकको सञ्चालक समितिको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनहरूमा पनि यहाँहरूबाट अमूल्य सुझाव, सहयोग र साथ पाउने अपेक्षा राख्दै अझ बढी प्रभावकारी, गुणस्तरीय, आधुनिक, प्रविधिमैत्री तथा विश्वसनीय बैंकिङ्ग सेवा प्रदान गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दछु ।

अन्तमा, बैंकको ६० औं वार्षिक साधारण सभामा सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीको प्रतिनिधित्वका सम्बन्धमा उच्च अदालत पाटनको अन्तिम फैसला कार्यान्वयन गर्न प्रतिबद्धता जनाइए अनुरूप बैंकको नियमावलीको सम्बन्धित दफामा संशोधन गर्ने लगायत बैंकको प्रबन्धपत्र तथा नियमावलीलाई समयानुकूल संशोधन/परिमार्जन/पुनर्लेखन गरी अद्यावधिक गर्ने सम्बन्धी यस सभामा प्रस्तुत गरिएका विशेष प्रस्तावहरूलाई सर्वसम्मतिले पारित गरिदिनुहुन शेयरधनी महानुभावहरूलाई अनुरोध गर्दछु ।

धन्यवाद !
सञ्चालक समितिको तर्फबाट,
वासुदेव अधिकारी
अध्यक्ष
मितिः २०७७ साल आश्विन १९ गते ।

अनुसूची - ११

(कम्पनी ऐनको दफा १८ को उपदफा (६) सँग सम्बन्धित)

कम्पनी अध्यादेश, २०६२ अन्तर्गत संस्थापित

## नेपाल बैंक लिमिटेडको

# प्रबन्धपत्र

**प्रबन्धपत्र संशोधनको तीन महले**

| साविक दफा | संशोधित दफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | १. | १. **कम्पनीको नामः** यस बैंकको नाम "नेपाल बैंक लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा **Nepal Bank Limited** भनिनेछ। जसलाई यस पछि बैंक भनिएको छ । | १. **कम्पनीको नाम :** **यथावत** | |
| २. | २. | २. **कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगानाः** (१) यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती अञ्चल, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं २२, धर्मपथमा रहने छ । (२) यस बैंकको कारोबार गर्ने स्थान नेपाल अधिराज्यको विभिन्न स्थानमा रहनेछ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ । | २. **बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगानाः** (१) यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय **वागमती प्रदेश,** काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं २२, धर्मपथमा रहने छ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ । (२) यस बैंकको कारोबार गर्ने स्थान नेपाल **राज्यको** बिभिन्न स्थानमा रहनेछ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ । | प्रादेशिक संरचना अनुसार संशोधन गर्न आवश्यक भएकाले । |
| | ३. | व्यवस्था नभएको | ३. **बैंकले गर्ने व्यवसाय वा कारोवारको प्रकृतिः** बैंकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (१) तथा यस प्रवन्धपत्र तथा नियमावली बमोजिम बैकिङ्ग/वित्तीय कारोबार गर्नेछ । | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना प्रबन्धपत्रमा भएको व्यवस्था बमोजिम थप गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| ३ | ४ | ३. **<u>बैंकको मुख्य उद्देश्यः</u>** (१) नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार (बैंकिङ्ग व्यवसाय) गर्ने यस बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछः<br><br>(क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,<br><br>(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने,<br><br>(ग) उपलब्ध श्रम, सीप तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवं प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने, र | ४. **<u>बैंकको मुख्य उद्देश्यः</u>** (१) नेपाल राष्ट्र बैंक ऐन, २०५८, **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून** तथा अन्य प्रचलित कानूनको अधीनमा रही **बैंकिङ्ग/वित्तीय कारोवार** गर्ने यस बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :-<br>(क) बैंकको निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो **बैंकिङ्ग/वित्तीय मध्यस्थता** सेवा उपलब्ध गराउने,<br>(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यावसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व बृद्धिका लागि आवश्यक **बैंकिङ्ग/वित्तीय** साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने,<br>**(ग) यथावत** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना प्रबन्धपत्रमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | (घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ्य प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।<br><br>(२) बैंकले उपदफा (१) वमोजिमको उद्देश्य प्रचलित कानून बमोजिम सम्बन्धित निकायवाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त गरी मात्र कार्यान्वयन गरिने छ ।<br><br>(३) उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपी कार्यालयमा पेश गरिने छ । | **(घ) बैंकिङ्ग/वित्तीय सेवामा जोखिम कम गर्दै बैंकिङ्ग/वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याई देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने, र**<br>**(ङ) देशको समग्र वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनियता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।**<br>(२) बैंकले उपदफा (१) बमोजिमको **उद्देश्यहरु कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित** निकायवाट अनुमति वा इजाजतपत्र प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।<br>(३) **यथावत** | |
| ४. | ५. | ४. **<u>बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः</u>** यस बैंकले दफा ३ वमोजिमका उद्देश्य हासिल गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ को दफा ४७ को उपदफा (१) बमोजिम "क" वर्गको ईजाजतपत्र प्राप्त संस्थाको रूपमा रही सो अध्यादेश, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमको कार्यहरू गर्ने सक्ने छ :- | ५. **<u>बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः</u>** यस बैंकले **दफा ४ वमोजिमको उद्देश्य प्राप्त गर्न कम्पनी ऐन, २०६३ को दफा १८ को उपदफा** (१) **को खण्ड** (घ) **तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा** (१) **बमोजिम "क" वर्गको ईजाजतपत्र प्राप्त संस्थाको रुपमा रहने गरी सो ऐन, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछ :-** | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (१) बमोजिम "क" वर्गको इजाजत पत्र प्राप्त संस्थालाई तोकिएको कार्यहरू अनुसार संशोधन गर्न आवश्यक भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | (क) बैंकलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने । | **(क) यथावत** | |
| | | (ख) बैंकलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाको शर्तहरू निर्धारण गर्ने । | **(ख) यथावत** | |
| | | (ग) बैंकमा लगानी भएको शेयरको रकम तथा त्यसवाट आर्जित रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्ने । | (ग) **बैंकको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने,** | |
| | | (घ) बैंकलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थावाट धितो राखी वा नराखी कर्जा लिने । | (घ) **यथावत** | |
| | | (ङ) बैंकको नामबाट शेयर तथा डिवेन्चर खरीद गर्न तथा त्यसलाई बिक्री गर्न सक्ने, | (ङ) **यथावत** | |
| | | (च) व्याज वा विना व्याजमा निक्षेप स्वीकार गर्ने तथा त्यस्तो निक्षेपको भुक्तानी दिने, | (च) **यथावत** | |
| | | (छ) नेपाल राष्ट्र बैंकले तोकिदिए बमोजिम कर्जा दिने, | (छ) नेपाल राष्ट्र बैंकले तोकिदिए बमोजिम **विभिन्न प्रकारका** कर्जा दिने, | |
| | | (ज) प्रचलित कानूनको अधीनमा रही विदेशी विनिमय कारोवार गर्ने, | **(ज) प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही विदेशी विनिमय कारोवार गर्ने,** | |
| | | (झ) हायर पर्चेज, हाइपोथिकेशन, लिजिङ्ग, हाउजिङ्ग तथा सेवा व्यवसायको लागि कर्जा दिने, | (झ) **यथावत** | |
| | | (ञ) नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही मर्चेण्ट बैकिङ्ग कारोवार गर्ने, | (ञ) **यथावत** | |
| | | (ट) अन्य इजाजतपत्र प्राप्त संस्थासँग मिली सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारीपासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रूपमा कर्जा दिने दिलाउने व्यवस्था गर्ने, | **(ट) अन्य बैंक वा वित्तीय संस्थाहरुसँग** मिली सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारीपासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रूपमा कर्जा दिने, दिलाउने व्यवस्था गर्ने, | |

| | | | | |
|---|---|---|---|---|
| | | (ठ) आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सो वापत ग्राहकसँग आवश्यक शर्त गराउने, सुरक्षण लिने, निजको चल अचल सम्पत्ति धितोबन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिने, | **(ठ) स्वदेशी वा विदेशी बैंक वा वित्तीय संस्थाको जमानतमा कर्जा दिने,** | |
| | | (ड) स्वदेशी वा विदेशी बैंक वा वित्तीय संस्थाको जमानतमा कर्जा दिने, | **(ड) आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सो बापत ग्राहसाग आवश्यक शर्त गराउने, सुरक्षण लिने, निजको चल अचल सम्पत्ति धितो बन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिने र धितोबन्धक, सुरक्षणमा लिएको सम्पत्ति प्राप्त गर्ने, धारण गर्ने तथा सो सम्बन्धी अन्य कारोबार गर्ने ।** | |
| | | (ढ) प्रतितपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र, चेक, यात्रु चेक, ड्राफ्ट वा अन्य वित्तीय उपकरण निष्काशन गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, डिस्काउण्ट गर्ने वा खरिद विक्री गर्ने, | **(ढ) यथावत** | |
| | | (ण) नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही टेलिफोन, टेलेक्स, फ्याक्स, कम्प्युटर वा म्याग्नेटिक टेप वा अन्य त्यस्तै प्रकारका बिद्युतीय उपकरण वा साधनको माध्यमवाट निक्षेप लिने, भुक्तानी दिने र रकमान्तर गर्ने, | **(ण) यथावत** | |
| | | (त) नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधीनमा रही क्रेडिट कार्ड, डेबिट कार्ड, चार्ज कार्ड लगायतका अन्य वित्तीय उपकरणहरू जारी गर्ने, स्वीकार गर्ने र सो सम्बन्धी कार्य गर्न एजेण्ट नियुक्त गर्ने, | **(त) यथावत** | |

| | | | | |
|---|---|---|---|---|
| | | (थ) अटोमेटेड टेलर मेशिन र क्यास डिस्पेन्सिङ मेशिनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने र कर्जा दिने, | **(थ) आफूले पत्याएको व्यक्तिलाई सञ्चालक समितिले निर्धारण गरेको नीति नियम अन्तर्गत रही अधिविकर्ष (Overdraft) कर्जा दिने,** | |
| | | (द) बैंकले पत्याएको व्यक्तिलाई अधिविकर्ष (ओभर ड्राफ्ट) कर्जा दिने, | **(द) अटोमेटेड टेलर मेसिन र क्यास डिस्पेन्सिङ्ग मेसिनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने र कर्जा दिने,** | |
| | | (ध) बैंकमा पहिले नै धितो रही सकेको चल अचल सम्पत्तिको मूल्यले खामे सम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने वा अन्य ईजाजतपत्रप्राप्त संस्थामा धितो रही सकेको चल अचल सम्पत्तीको पुनः धितोमा त्यसको मूल्यले खामे सम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने | **(ध) आफूकहाँ पहिले नै धितो रहिसकेको चल अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने वा अन्य बैंक वा वित्तीय संस्थामा धितो रहिसकेको चल अचल सम्पत्तिको पुनः धितोमा त्यसको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने,** | |
| | | (न) सुन, चाँदी वा सुन चाँदीका गरगहना वा राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाको शेयर प्रमाणपत्रको धितोमा कर्जा दिने, | **(न) नेपाल राष्ट्र बैंकले तोकेको शर्तमा सो बैंकको एजेण्ट भई नेपाल सरकारको तर्फबाट सरकारी कारोवार लगायत अन्य कारोवार गर्ने,** | |
| | | (प) नेपाल राष्ट्र बैंकले तोकेको शर्तमा राष्ट्र बैंकको एजेण्ट भई नेपाल सरकारको तर्फबाट सरकारी कारोवार लगायत अन्य कारोवार गर्ने, | **(प) नेपाल राज्यभित्र वा विदेशमा विनिमयपत्र, चेक वा अन्य वित्तीय उपकरणद्वारा रकम पठाउने वा चलान गर्ने, सुन, चाँदी, शेयर, डिवेञ्चर, बण्ड आदि खरिद विक्री गर्ने र शेयरको लाभांश तथा प्रतिज्ञापत्र, डिवेञ्चर, बण्ड आदिको व्याज असूल उपर गर्ने,** | |
| | | (फ) नेपाल अधिराज्य भित्र वा विदेशमा विनिमयपत्र, चेक वा अन्य वित्तीय उपकरणद्वारा रकम पठाउने वा चलान गर्ने, सुन, चाँदी, शेयर, डिबेन्चर, बण्ड आदि खरिद विक्री गर्ने र शेयरको लाभांश तथा प्रतिज्ञापत्र, डिबेन्चर, बण्ड आदिको व्याज असुल उपर गर्ने, | **(फ) ग्राहकको निमित्त कमिशन एजेन्ट भई शेयर, डिबेन्चर वा सुरक्षणको जिम्मा लिने, खरिद बिक्री गरिदिने, शेयरको लाभांश, डिवेन्चर वा सुरक्षणको व्याज आदि उठाइ दिने र सो को लाभांश, मुनाफा वा व्याज नेपाल राज्यभित्र वा विदेशमा समेत पठाउने,** | |

| | | | | |
|---|---|---|---|---|
| | | (ब) ग्राहकको निमित्त कमिशन एजेन्ट भई शेयर, डिबेन्चर वा सुरक्षणको जिम्मा लिने, खरिद बिक्री गरिदिने, शेयरको लाभांश, डिबेन्चर वा सुरक्षणको ब्याज आदि उठाई दिने र सो को लाभांश, मुनाफा वा ब्याज नेपाल अधिराज्यभित्र वा विदेशमा समेत पठाउने, | **(ब) सेफ डिपोजिट भल्टको व्यवस्था गर्ने,** | |
| | | (भ) नेपाल सरकार वा राष्ट्र बैंकले जारी गरेको ऋणपत्र खरिद बिक्री गर्ने वा सकार गर्ने, | **(भ) नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र खरिद विक्री गर्ने वा सकार गर्ने,** | |
| | | (म) सेफ डिपोजिट भल्टको व्यवस्था गर्ने, | **(म) नेपाल राष्ट्र बैंकले तोकिदिएको शर्तमा वासलात बाहिरको कारोवार गर्ने,** | |
| | | (य) नेपाल राष्ट्र बैंकले तोकिदिएको शर्तमा वासलात बाहिरको कारोवार गर्ने, | **(य) विपन्न वर्ग, न्यून आय भएका परिवार, दैवी प्रकोप पीडित तथा मुलुकका कुनै क्षेत्रका बासिन्दाको आर्थिक उत्थानको लागि व्यक्तिगत वा सामूहिक जमानीमा नेपाल राष्ट्र बैंकले तोके बमोजिमको रकमसम्म कर्जा दिने,** | |
| | | (र) विपन्न वर्ग, न्यून आय भएका परिवार, दैवी प्रकोप पीडित तथा देशको कुनै क्षेत्रका वासिन्दाको आर्थिक उत्थानको लागि व्यक्तिगत वा सामूहिक जमानीमा नेपाल राष्ट्र बैंकले तोके बमोजिमको रकम सम्मको कर्जा दिने, | **(र) आफू तथा अन्य कुनै बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिने ऋणी वा ग्राहकको विवरण, सूचना वा जानकारी नेपाल राष्ट्र बैंक वा कुनै अन्य बैंक वा वित्तीय संस्था बीच लिने दिने,** | |
| | | (ल) आफू तथा अन्य ईजाजतपत्र प्राप्त संस्थावाट कर्जा लिने ऋणी वा ग्राहकको विवरण, सूचना वा जानकारी नेपाल राष्ट्र बैंक वा कुनै अन्य ईजाजतपत्र प्राप्त संस्था बीच लिनेदिने, | **(ल) अन्य कुनै बैंक तथा वित्तीय संस्थाबाट आफ्नो ग्राहकलाई कर्जा उपलब्ध गराउन जमानी बस्ने,** | |

| | | | | |
|---|---|---|---|---|
| | | (व) अन्य कुनै ईजाजतपत्र प्राप्त संस्थावाट आफनो ग्राहकलाई कर्जा उपलव्ध गराउन जमानी बस्ने, | **(व) नेपाल राष्ट्र बैंकले तोकिदिएको सीमा भित्र रही शेयर, डिवेञ्चर, बण्ड, ऋणपत्र, बचतपत्र वा अन्य वित्तीय उपकरणको माध्यमबाट पूँजी परिचालन गर्ने,** | |
| | | (श) नेपाल राष्ट्र बैंकले तोकि दिएको सीमाभित्र रही शेयर, डिबेन्चर, बण्ड, ऋणपत्र, बचतपत्र वा अन्य वित्तीय उपकरणको माध्यमबाट पूँजी परिचालन गर्ने, | **(श) आवश्यकतानुसार नेपाल राष्ट्र बैंकबाट पुनरकर्जा लिने वा अन्य इजाजतपत्र प्राप्त संस्थाबाट कर्जा लिने दिने,** | |
| | | (ष) आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकबाट पुनरकर्जा लिने वा अन्य ईजाजतपत्र प्राप्त संस्थाबाट कर्जा लिने दिने, | **(ष)परियोजनाको प्रबर्द्धनका लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम कर्जाको रुपमा प्रवाह गर्ने वा कर्जा व्यवस्थापन गर्ने,** | |
| | | (स) परियोजना स्थापना, सञ्चालन र मूल्याङ्कन सम्बन्धी अध्ययन, अनुसन्धान सर्वेक्षण गर्ने गराउने तथा तालीम, परामर्श र अन्य जानकारी लिने दिने , | **(स) यथावत** | |
| | | (ह) परियोजनाको प्रबर्द्धनका लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायवाट प्राप्त भएको रकम कर्जाको रूपमा प्रवाह गर्ने वा कर्जाको व्यवस्थापन गर्ने, | **(ह) सञ्चालक समितिले बनाएको विनियमको अधीनमा रही कर्जा अपलेखन गर्ने,** | |
| | | (क्ष) कुनै व्यक्ति वा संस्थालाई कर्जा दिँदा वा निजसँग कुनै कारोवार गर्दा आफनो हितको संरक्षणका लागि आवश्यकता अनुसार शर्त गराउने, | **(क्ष) यथावत** | |
| | | (कक) बैंकको चल अचल जायजेथा धितो राखी कर्जा लिने, | | |
| | | (कख) नेपाल राष्ट्र बैंकको स्वीकृती लिई सञ्चालक समितिले बनाएको विनियमको अधीनमा रही कर्जाको अपलेखन (राइट अफ) गर्ने, | | |

| | | | | |
|---|---|---|---|---|
| | | (कग) नेपाल राष्ट्र बैंकको स्वीकृती लिई सञ्चालक समितिले बनाएको विनियमको अधीनमा रही बैंकका कागजात धुल्याउने,<br>(कघ) आफनो जायजेथाको उचित प्रबन्ध वा विक्री गर्ने,<br>(कङ) सम्बन्धित निकायबाट अनुमती लिई संस्थागत रूपमा बीमा अभिकर्ताको कार्य गर्ने, | (त्र) आफ्नो जायजेथाको उचित प्रवन्ध वा बिक्री गर्ने **र आफ्नो चल अचल, जायजेथा धितो राखी कर्जा लिने।**<br>(ज्ञ) नेपाल राष्ट्र बैंकले **समय समयमा** तोकेका अन्य काम गर्ने। | |
| ५. | ६. | ५. <u>**कम्पनीको पूँजीको संरचना:**</u> बैंकको पूँजीको संरचना देहाय वमोजिम हुनेछ:-<br>(क)बैंकको अधिकृत पूँजी रू.१५,००,००,००,०००/- (अक्षरेपी पन्ध्र अर्ब) हुनेछ। सो पूँजीलाई रू.१००/- दरले १५,००,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ।<br>(ख) बैंकको जारी पूँजी रू.११,२८,२८,२०,२००/- (अक्षरेपी एघार अर्ब अट्ठाइस करोड अट्ठाइस लाख बीस हजार दुई सय) हुनेछ।<br>(ग) बैंकको चुक्ता पूँजी रू.११,२८,२८,२०,२००/- (अक्षरेपी एघार अर्ब अट्ठाइस करोड अट्ठाइस लाख बीस हजार दुई सय) हुनेछ।<br>(घ) बैंकले चुक्ता पूँजीको ५,५२,८५,८१९ थान शेयर सर्वसाधारणको लागि छुट्टयाएको छ।<br>(ङ) बैंकको जारी पूँजीको समुहगत शेयर स्वामित्व देहाय अनुसार हुनेछ।<br>क) नेपाल सरकार ५१.०० प्रतिशत<br>ख) सर्वसाधारणको ४९.०० प्रतिशत | ६. **<u>बैंकको पूँजीको संरचना:</u> यथावत** | |

| | | | | |
|---|---|---|---|---|
| | | (च) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृती लिई प्रचलित कम्पनि कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा रही बैंकले आफ्नो पूँजी तथा स्वामित्वको संरचना हेरफेर गर्न सक्ने छ ।<br>(छ) नेपाल राष्ट्र बैंकले पूँजी बढाउनको लागी बैंकलाई निर्देशन दिएमा सो निर्देशन बमोजिम प्रचलित कानूनको अधिनमा रही बैंकले आफ्नो पूँजी बढाउनु पर्ने छ ।<br>(ज) बैंकले प्रिमियम मूल्य राखी बैंकको शेयर थप सार्वजनिक निष्काशन FPO गर्न सक्नेछ । | | |
| ६. | ७. | ६. **बैंकको शेयरको किसिमः** हाल अग्राधिकार शेयरको व्यवस्था नगरिएको हुँदा बैंकको शेयर साधारण शेयरले बनेको छ । अग्राधिकार शेयर जारी गर्नु परेमा प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन, प्रचलित कानूनको रीत पुऱ्याई नेपाल राष्ट्र बैंकको स्वीकृतिमा मात्र त्यस्तो शेयर जारी गर्न सकिनेछ | ७. **बैंकको शेयरको किसिमः हाल साधारण शेयर बाहेकका अन्य प्रकारका शेयरको** व्यवस्था नगरिएको हुँदा बैंकको **शेयरको किसिम साधारण शेयर मात्र बनेको छ ।** अग्राधिकार शेयर जारी गर्नु परेमा प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन **गरी** प्रचलित कानूनको रीत पुऱ्याई नेपाल राष्ट्र बैंकको स्वीकृतिमा मात्र त्यस्तो शेयर जारी गर्न सकिनेछ । | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना प्रवन्धपत्रमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक । |
| ७. | ८. | ७. **शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेका भए सो कुराः** शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-<br>(क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई बैंकको शेयर कुनै विदेशी बैंक वा अन्य बैंकलाई वा वित्तीय संस्थालाई बिक्री बितरण वा हस्तान्तरण गरिने छैन ।<br>(ख) सर्वसाधारणले शेयर खरिद गर्दा न्यूनतम १० कित्ता वा १० अंकले भाग गर्दा शेष नरहने गरी खरिद गर्न सकिने छ ।<br>तर हकप्रद शेयर र बोनश शेयरको हकमा यो वन्देज लागू हुने छैन । | ८. **शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेका भए सो कुराः**<br>**यथावत** | |

| | | | | |
|---|---|---|---|---|
| | | (ग) बैंकका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैंकको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रूपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाको वखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म बैंक वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुंदैन । <br>(घ) कसैले खण्ड (ग) को विपरित काम गरेमा त्यस्तो शेयर बैंकले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर सञ्चालक समितिले उचित ठहऱ्याएको किसिमबाट बिक्री बितरण गर्न सक्नेछ । <br>(ङ) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी कानून र धितोपत्र कारोवार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ । | | |
| ८. | ९. | ८. **शेयरको रकम भुक्तानीका शर्तहरुः** बैंकको शेयरको रकम भुक्तानी सम्बन्धी शर्त देहाय वमोजिम हुनेछ :- <br>(क) बैंकको शेयर वापतको रकम बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानूनको अधिनमा रही माग गर्नु पर्ने छ । | ९. **शेयर वापतको रकमको भुक्तानीः** बैंकको शेयरको रकम भुक्तानी सम्बन्धी शर्त देहाय बमोजिम हुनेछ :- <br>**(क) बैंकले सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम अंकित मूल्यको शत प्रतिशत भुक्तानी माग गर्नेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना प्रवन्धपत्रमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक । |

| | | | | |
|---|---|---|---|---|
| | | (ख) बैंकले माग गरेको रकमहरू निर्धारित समयमा शेयर धनीले बुझाउनु पर्नेछ ।<br><br>(ग) शेयर माग गर्ने, माग गरेको रकम निर्धारित समय भित्र बुझाउने, म्याद थप गर्ने, म्याद दिने आदि कुराहरू नियमावलीमा उल्लेख भए बमोजिम हुने छ । | **(ख) शेयर वापत बैंकले माग गरेको रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।**<br>**(ग) शेयर वापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधि भित्र बुझाउने, भुक्तानीको म्याद थप माग गर्ने तथा बैंकले म्याद दिने आदि कुराहरुको व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।** | |
| | १०. | **व्यवस्था नभएको** | १०. **<u>दायित्व सीमित हुने:</u> यस बैंकको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ ।**<br>**तर, कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेस्रो पक्षसाग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागु हुने छैन ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना प्रबन्धपत्रमा भएको व्यवस्था बमोजिम थप गर्न आवश्यक भएकोले । |
| ९. | ११. | ९. <u>अन्य आवश्यक कुराहरुः</u><br>(१) बैंकको संस्थापना गर्दा लागेको खर्च बैंकले नै व्यहोर्ने छ ।<br>(२) बैकको शेयरको रकम नगदमा नै भुक्तानी गर्नु पर्ने छ ।<br>(३) बैंकले कारोवार सुरू गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिवाट कुनै किसिमसँग कुनै सम्पत्ति प्राप्त गरेको छैन ।<br>(४) संस्थापक वा अन्य कुनै व्यक्तिले बैंकबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने छैन ।<br>(५) नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकले आफ्नो कारोबार सञ्चालनका लागि आवश्यक विनियमहरु बनाई लागू गर्न सक्नेछ । | ११. <u>अन्य आवश्यक कुराहरुः</u><br>(१) **यथावत**<br>(२) **यथावत**<br>(३) **यथावत**<br>(४) **यथावत**<br>(५) **यथावत** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना प्रबन्धपत्रमा भएको व्यवस्था बमोजिम थप गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | (६) बैंकले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले बन्देज लगाएका कार्यहरु गर्न पाउने छैन । | (६) बैंकले **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र अन्य प्रचलित कानूनले** बन्देज लगाएका कार्यहरु गर्न पाउने छैन । | |
| | | (७) बैंकले आवश्यकता महसुस गरेमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी बैंकको हितको लागि आफ्नो व्यवस्थापनको जिम्मा दिन सक्नेछ । | (७) बैंकले आवश्यकता महसुस गरेमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी बैंकको हितको लागि आफ्नो व्यवस्थापन जिम्मा दिने वा **आवश्यक परामर्शदातासाग परामर्श लिन सक्नेछ ।** | |
| | | (८) बैंकले नेपाल राष्ट्र बैंकले तोके वमोजिमको आफ्नो कूल सम्पत्ति वा जोखिम भारित सम्पत्तिको आधारमा तोके अनुसारको पूँजी कोषको व्यवस्था गर्नु पर्नेछ । | (८) **यथावत** | |
| | | (९) बैंक अविच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्था हुनेछ । | (९) **यथावत** | |
| | | (१०) बैंकको काम कारवाही सञ्चालनका लागि एक छुट्टै छाप हुनेछ । | (१०) **यथावत** | |
| | | (११) बैंकले आफ्नो नामबाट नालिस उजूर गर्न र यस उपर पनि सोही नाउँबाट नालिस उजूर लाग्न सक्नेछ । | (११) **यथावत** | |
| | | (१२) बैंकले प्रचलित कानूनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति खरिद बिक्री गर्न धितोबन्धक लिन, दिन वा दान दातव्य दिन सक्नेछ । | (१२) बैंकले प्रचलित कानूनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति खरिद बिक्री गर्न, **प्राप्त गर्न, राख्न, निर्माण गर्न, उपभोग गर्न, बहालमा दिन वा अन्य किसिमले व्यवस्था गर्न,** धितोबन्धक लिन, दिन वा दान दातव्य दिन सक्नेछ । | |

| | | | | |
|---|---|---|---|---|
| | | (१३) बैंकको शेयरधनीहरुको दायित्व निजले लिएको वा लिन मन्जुरी गरेको शेयरको मूल्यसम्म सीमित हुनेछ । | (१३) **यथावत** | |
| | | (१४) बैंकका सबै कामहरु नेपाल राष्ट्र बैंक ऐन २०५८, प्रचलित बैंक सम्बन्धी तथा कम्पनी सम्बन्धी कानून र अन्य प्रचलित कानून बमोजिम सञ्चालन हुनेछ । | (१४) **यथावत** | |
| | | (१५) यस प्रबन्धपत्रमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस प्रवन्ध पत्रमा लेखिएका कुराहरू नेपाल राष्ट्र बैक ऐन २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था तथा कम्पनी सम्बन्धी कानून र अन्य प्रचलित कानूनसँग बाझिएमा सो बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ र यस प्रबन्धपत्रमा उल्लेख नभएका कुराहरूको हकमा उल्लेखित कानून बमोजिम हुनेछ । | (१५) **यथावत** | |
| | | (१६) नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा कम्पनी सम्बन्धी कानून र बैंकको सम्बन्धमा लागू हुने अन्य प्रचलित कानूनमा कुनै संशोधन भएमा यस प्रबन्धपत्र पनि सोही बमोजिम स्वतः संशोधन भएको मानिनेछ र सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गरी मिलाउनु पर्नेछ । | (१६) **यथावत** | |
| | | (१७) बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ को दफा ३० को उपदफा (२) बमोजिम बैंकको प्रबन्धपत्र स्वीकृत गरी ईजाजतपत्र प्राप्त गर्नु भन्दा अघि साबिक नेपाल बैंक कानून १९९४ अन्तरगत स्थापना भई पुन : साबिक वाणिज्य बैंक ऐन २०३१ अन्तरगत भए गरेको काम कारवाहीहरू यसै प्रवन्धपत्र बमोजिम भए गरेको मानिने छ । | (१७) **यथावत** | |

| | | | | |
|---|---|---|---|---|
| | | (१८) व्यवस्था नभएको | (१८) **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन २०६३ र धितोपत्र कारोवार सम्बन्धी कानूनका व्यवस्थाहरु एक आपसमा बाझिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको कानूनी व्यवस्थाले प्राथमिकता पाउने छ ।** | |
| | १२. | व्यवस्था नभएको | १२. **<u>बैंकको प्रकृति अनुरुप थप व्यवस्था:</u> बैंकको व्यवसायिक कारोवार नेपाल राष्ट्र बैंक ऐन २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम सञ्चालन हुनेछ । बैंकको धितोपत्र कारोवार र साधारण सभा सञ्चालन सम्बन्धी कार्य प्रचलित धितोपत्र कारोवार कानून तथा कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना प्रबन्धपत्रमा भएको व्यवस्था बमोजिम थप गरिएको । |
| ११ | १३ | ११. **<u>प्रवन्धपत्र संशोधन भएमा लागू हुने अवस्था:</u>** (१) यस प्रवन्धपत्रमा बैंकले कुनै संशोधन गर्नुपर्ने भएका कम्पनी कानून बमोजिम प्रस्ताव पारित गरी सो प्रस्ताव कार्यालयवाट अभिलेख भएपछि मात्र प्रवन्धपत्र संशोधन भएको मानिनेछ ।<br><br>(२) नेपाल राष्ट्र बैंक ऐन, २०५८ प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून कम्पनी तथा धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानून संशोधन भएको खण्डमा यो प्रवन्धपत्र पनि सोही बमोजिम संशोधन भएको मानिनेछ र यस प्रवन्धपत्रमा समेत सोही अनुरूप संशोधन गर्नु पर्ने छ । | १३. **<u>प्रवन्धपत्र संशोधन भएमा लागू हुने अवस्था:</u>** (१) **यस प्रवन्धपत्रमा बैंकले कुनै संशोधन गर्नुपर्ने भएमा कम्पनी ऐन बमोजिम साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिई कम्पनी रजिष्ट्रारको कार्यालयबाट अभिलेख भएपछि मात्र प्रवन्धपत्र संशोधन भएको मानिनेछ ।**<br>(२) नेपाल राष्ट्र बैंक ऐन, २०५८, **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन,** २०६३ तथा धितोपत्र कारोबार सम्बन्धी प्रचलित कानून संशोधन भएको खण्डमा यो प्रवन्धपत्र पनि सोही बमोजिम संशोधन भएको मानिनेछ र यस प्रवन्धपत्रमा समेत सोही अनुरूप संशोधन गर्नु पर्नेछ । | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना प्रबन्धपत्रमा भएको व्यवस्था बमोजिम संशोधन गरिएको । |

<table>
<tr>
<td>१०.</td>
<td>१४</td>
<td>१०. <u>प्रवन्धपत्र बाझिएको हदसम्म निष्कृय हुने:–</u> यस प्रवन्धपत्रका दफाहरू कम्पनी कानून, नेपाल राष्ट्र बैंक ऐन, २०५८, र प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछ र यस प्रवन्धपत्रमा उल्लेख नभएका कुराहरूको हकमा उल्लेखित कानून बमोजिम हुनेछ ।</td>
<td>१४. <u>प्रवन्धपत्र बाझिएको हदसम्म अमान्य हुने:</u> यस प्रवन्धपत्रमा लेखिएका कुराहरु नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन २०६३, तथा धितोपत्र कारोबार सम्बन्धी प्रचलित कानूनसाग बाझिएमा बाझिएको हदसम्म स्वत: बदर भई उपरोक्त ऐन वा कानुनका व्यवस्थाहरु नै लागू हुनेछ ।</td>
<td>नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना प्रबन्धपत्रमा भएको व्यवस्था बमोजिम संशोधन गरिएको ।</td>
</tr>
<tr>
<td>१२.</td>
<td>१५.</td>
<td>१२. <u>संस्थापकहरुले तत्काल लिन कवुल गरेको शेयर संख्या:</u> (१) हामी नेपाल बैंक लिमिटेडका संस्थापकहरूले देहाय बमोजिमको संख्यामा शेयर लिन कबुल गरी देहायका साक्षीको रोहवरमा यस प्रवन्धपत्रमा सहीछाप गरेका छौं ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनी साविक नेपाल बैंक कानून १९९४ अन्तर्गत स्थापना भई पुन: साविकमा बाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत बैंकको शेयर स्वामित्व सम्बन्धी अभिलेखमा उल्लिखित शेयरधनीहरूलाई नै बैंकको संस्थापक तथा अन्य शेयरधनी मानी सोही बमोजिम स्वामित्व कायम रहेको मानिने छ ।
<table>
<tr><th>संस्थापकको नाम, ठेगाना र सहिछाप</th><th>बाबुको नाम</th><th>बाजेको नाम</th><th>लिनकबुल गरेको शेयर संख्या</th><th>साक्षीको नाम, थर, ठेगाना र सहीछाप</th></tr>
<tr><td>द. १.नाम: नेपाल सरकार</td><td>-</td><td></td><td>५०,७५,४२,३८३ साधारण शेयर ५१ प्रतिशत</td><td>-</td></tr>
<tr><td>द. २.सर्वसाधारण शेयरधनी</td><td></td><td></td><td>५०,५२,८५,८१९ साधारण शेयर ४९ प्रतिशत</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>११,२८,२८,२०२ साधारण शेयर</td><td></td></tr>
</table>
</td>
<td>१५. <u>संस्थापकहरुले तत्काल लिन कवुल गरेको शेयर संख्या:</u> यथावत</td>
<td></td>
</tr>
</table>

अनुसूची - १५
(कम्पनी ऐनको दफा २० को उपदफा (४) सँग सम्बन्धित)
कम्पनी अध्यादेश, २०६२ अन्तर्गत संस्थापित

## नेपाल बैंक लिमिटेडको

# नियमावली

## नियमावली संशोधनको तीन महले

**परिच्छेद - १**

**प्रारम्भिक**

| **साविक दफा** | **संशोधित दफा** | **साविकको व्यवस्था** | **प्रस्तावित व्यवस्था** | **संशोधन गर्नुपर्ने कारण** |
|---|---|---|---|---|
| १. | १. | १. **कम्पनीको नाम:** यस बैंकको नाम "नेपाल बैंक लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा **Nepal Bank Limited** भनिनेछ। जसलाई यस पछि बैंक भनिएको छ। | १. **कम्पनीको नाम:** **यथावत** | |
| २. | २. | २. **कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :** (१) यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती अञ्चल, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं २२, धर्मपथमा रहने छ। | २. **बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना:** (१) यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय **वागमती प्रदेश,** काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं २२, धर्मपथमा रहने छ। **नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ।** | प्रादेशिक संरचना तथा नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकोले। |
| | ३. | **व्यवस्था नभएको** | ३. **परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा:-** **(क) "ऐन" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ सम्झनु पर्छ।** **(ख) "कम्पनी ऐन" भन्नाले कम्पनी ऐन, २०६३ सम्झनु पर्छ।** **(ग) "राष्ट्र बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ।** | प्रादेशिक संरचना तथा नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकोले। |

| साविक दफा | संशोधित दफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | | (घ) "बैंक" भन्नाले नेपाल बैंक लिमिटेड सम्झनु पर्छ ।<br>(ङ) "प्रवन्धपत्र" भन्नाले बैंकको प्रवन्धपत्र सम्झनु पर्छ ।<br>(च) "नियमावली" भन्नाले बैंकको नियमावली सम्झनु पर्छ ।<br>(छ) "समिति" भन्नाले बैंकको सञ्चालक समिति सम्झनु पर्छ ।<br>(ज) "संस्थापक" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक स्थापना गर्नको लागि प्रवन्धपत्र तथा नियमावलीमा कम्तीमा एक शेयर लिन मञ्जुर गरी संस्थापकको हैसियतले हस्ताक्षर गर्ने व्यक्ति सम्झनु पर्छ ।<br>(झ) "शेयर" भन्नाले बैंकको शेयर पूजीको विभाजित अंश सम्झनु पर्छ ।<br>(ञ) "शेयरधनी" भन्नाले बैंकको शेयरमा स्वामित्व भएको व्यक्ति सम्झनु पर्छ ।<br>(ट) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।<br>(ठ) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र बैकल्पिक सञ्चालक समेतलाई जनाउँछ ।<br>(ड) "वित्तीय कारोवार" भन्नाले बैंकले गर्ने बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ मा उल्लेख भए बमोजिमको कारोवार सम्झनु पर्छ । | |

| साविक दफा | संशोधित दफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | | | **(ढ) "कार्यालय" भन्नाले बैंकको केन्द्रीय कार्यालय सम्झनु पर्छ र सो शब्दले बैंकका, विभाग, सचिवालय, महाशाखा, प्रादेशिक, शाखा, उप-शाखा, सम्पर्क कार्यालय लगायतका अन्य जुनसुकै कार्यालय समेतलाई जनाउँछ ।**<br>**(ण) "पदाधिकारी" भन्नाले बैंकको सञ्चालक, कार्यकारी प्रमुख, प्रवन्धक, कम्पनी सचिव, र कर्मचारी सम्झनु पर्छ र सो शब्दले बैंकको लिक्विडेटर, सल्लाहकार, लेखापरीक्षक र व्यवसायिक विज्ञको रुपमा काम गर्ने व्यक्ति समेतलाई जनाउँछ ।**<br>**(त) "कार्यकारी प्रमुख" भन्नाले बैंकको दैनिक काम कारवाही सुचारु रुपले सञ्चालन गर्न समितिले कार्यकारी प्रमुखको रुपमा कामकाज गर्न नियुक्त गरेको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ र सो शब्दले कार्यकारी अध्यक्ष, कार्यकारी निर्देशक, कार्यकारी सञ्चालक, प्रबन्ध निर्देशक, प्रबन्ध सञ्चालक, वा महाप्रबन्धक वा सो पदमा रही कामकाज गर्ने अन्य पदाधिकारी मध्ये कुनै एक पदाधिकारीलाई जनाउँछ ।**<br>**(थ) "सभा" भन्नाले बैंकको साधारण सभा सम्झनु पर्छ ।** | |
| ३. | ४. | ३. **कम्पनीको उद्देश्यः** यस बैंकको उद्देश्य प्रवन्धपत्रको दफा ३ मा उल्लेख भए वमोजिम हुनेछ । | ४. **बैंकको उद्देश्यः** यस बैंकको उद्देश्य प्रवन्धपत्रको दफा ४ मा उल्लेख भए वमोजिम हुनेछ । | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकोले । |

## परिच्छेद – २
## शेयर पूँजी तथा ऋण

| साविक दफा | संशोधित दफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | ५. | **व्यवस्था नभएको** | ५. **शेयरको अंकित मूल्यः यस बैंकको शेयरको अंकित मूल्य रु. १०० हुनेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम थप गर्न आवश्यक भएकोले । |
| २२. | ६. | २२. **शेयरको लियन रहने कुराः** शेयरधनीहरूले बैंकलाई तिर्न बाँकी रहेको शेयर रकम वा कानून बमोजिम बैंकलाई बुझाउनु पर्ने बाँकी रकम वापत निजहरूका नाममा दर्ता भएको शेयर र सो वापत बाँडिने लाभांश समेतमा बैंकको लियन वा दावी रहनेछ । | ६. **शेयरको लियन रहने कुराः** **यथावत** | |
| २३. | ७. | २३. **विभिन्न वर्गका शेयर जारी गर्ने भए सो को विवरण र शेयरधनीको हक तथा विशेष सुविधाको विवरणः** साधारण शेयर वाहेक अन्य वर्गका शेयरको सम्बन्धमा हाललाई कुनै व्यवस्था गरिएको छैन । साधारण शेयरको समूहगत संरचना प्रवन्धपत्रको दफा ५ मा उल्लेख गरिए बमोजिम हुनेछ । | ७. **विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरुः** साधारण शेयर वाहेक अन्य वर्गका शेयरको सम्बन्धमा हाललाई कुनै व्यवस्था गरिएको छैन । साधारण शेयरको समूहगत संरचना प्रवन्धपत्रको **दफा ६** मा उल्लेख गरिए बमोजिम हुनेछ । | संशोधनका क्रममा दफा नं. परिवर्तन भएकोले |
| | ८. | **व्यवस्था नभएको** | ८. **नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृति चाहिने वा नचाहिनेः हाल विभिन्न बर्गका शेयरहरु जारी गरिएको छैन । सो सम्बन्धी व्यवस्था गर्नु परेको खण्डमा प्रचलित कानूनको अधीनमा रही राष्ट्र बैंकको स्वीकृति लिई विभिन्न बर्गका शेयर खरिद गर्ने शेयरधनीका अधिकारमा हेरफेर गर्दा त्यस्ता वर्गका शेयरधनीहरुको स्वीकृतिको सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम थप गर्न आवश्यक भएकाले । |

| | | | | |
|---|---|---|---|---|
| २४. | ९. | २४. **अग्राधिकार शेयर सम्बन्धी व्यवस्था:** बैंकको सम्पूर्ण शेयरहरू साधारण शेयरले बनेको हुँदा हाल अग्राधिकार शेयर सम्बन्धी व्यवस्था गरिएको छैन, सो शेयर सम्बन्धी व्यवस्था गर्नु परेको खण्डमा प्रचलित कानूनको अधीनमा रही नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अग्राधिकार शेयर जारी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ । | ९. **अग्राधिकार शेयर सम्बन्धी व्यवस्था: यथावत** | |
| २५. | १०. | २५. **शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्था:** बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून र कम्पनी कानूनको अधीनमा रही बैंकले आवश्यकतानुसार शेयर वापतको रकमको भुक्तानी माग गर्नेछ । शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्य कुरामा कम्पनी कानूनमा गरिएको व्यवस्था लागू हुनेछ । | १०. **शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्था: बैंकले ऐन अनुसार शतप्रतिशत रकम शेयर वापतको रकमको भुक्तानी माग गर्नेछ । शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्य व्यवस्था ऐन र कम्पनी ऐन बमोजिम हुनेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकोले । |
| २६. | ११. | २६. **शेयर हस्तान्तरण सम्बन्धी व्यवस्था:** (१) बैंकको कुनै शेयरधनीले आफ्नो शेयर अर्को व्यक्तिलाई बिक्री गरेमा शेयर खरीद गर्ने व्यक्तिले त्यस्तो शेयर दाखिल खारेज गर्नको निमित्त नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको ढांचामा तोकिएको दस्तुर, शेयर खरीद बिक्रीसंग सम्बन्धित लिखत र शेयरको प्रमाण पत्र सहित बैंकको रजिष्टर्ड कार्यालयमा निवेदन दिनु पर्नेछ ।<br>(२) उपनियम (१) बमोजिम निवेदन परेमा बैंकले प्रवन्धपत्रको दफा ७ को अधीनमा रही दर्ताकितावमा साविक शेयरधनीको नाम खारेज गरी हालको शेयरधनीको नाम दर्ता गर्नेछ । | ११. **शेयर बिक्री वा धितोवन्धक सम्बन्धी व्यवस्था:** (१) **बैंकको शेयर चल सम्पत्ति सरह अर्को व्यक्तिलाई बिक्री गर्न वा धितोबन्धक राख्न सक्नेछ ।**<br>(२) **शेयर बिक्री वा धितोबन्धक र दाखिल खारेज सम्बन्धी व्यवस्था कम्पनी ऐन तथा धितोपत्र कारोवार सम्बन्धी कानून बमोजिम हुनेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | (३) संस्थापक वर्गको शेयर हस्तान्तरण गर्दा ऐन, कम्पनी ऐन तथा धितोपत्र सम्बन्धी प्रचलित कानून, प्रबन्धपत्र तथा यस नियमावलीको अधीनमा रही गरिनेछ । | (३) **संस्थापक वर्गको शेयर हस्तान्तरण सम्बन्धी व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी तथा धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।** | |
| | १२. | **व्यवस्था नभएको** | १२. **<u>शेयरको प्रमाणपत्रः</u> बैंकले जारी गर्ने शेयरको प्रमाणपत्रमा कुनै सञ्चालक तथा बैंकको कार्यकारी प्रमुख वा कम्पनी सचिव मध्ये कुनै दुई जनाको दस्तखत हुनेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम थप गर्न आवश्यक भएकाले । |
| २७. | १३. | २७. **<u>शेयर पूँजी थपघट गर्ने कुराः</u>** बैंकको शेयर पूँजी थप घट गर्ने व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन र प्रचलित कम्पनी कानूनमा उल्लिखित प्रावधान अनुरूप हुनेछ । | १३. **<u>शेयर पूँजी हेरफेर गर्ने कुराः</u> ऐन, राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन, र कम्पनी ऐनमा उल्लिखित प्रावधान अनुरुप साधारण सभामा विशेष प्रस्ताव पेश गरी सभाको निर्णयबाट बैंकको शेयर पूँजी हेरफेर गर्न सकिनेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम थप गर्न आवश्यक भएकाले । |
| २८. | १४. | २८. **<u>आफ्नो शेयर आफैं खरिद गर्ने सम्बन्धी व्यवस्थाः</u>** बैंकले आफ्नो शेयर आफैं खरिद गर्दा बैंक तथा वित्तीय संस्था तथा कम्पनी सम्बन्धी प्रचलित कानूनी व्यवस्थाको अधीनमा रही गरिने छ । | १४. **<u>आफ्नो शेयर आफैंले खरिद गर्ने सम्बन्धी व्यवस्थाः</u>** (१) **राष्ट्र बैंकको स्वीकृति लिई ऐनको अधीनमा रही बैंकले आफ्नो शेयर आफैं खरिद गर्न सक्नेछ ।**<br>(२) **बैंकले आफ्नो शेयर आफैं खरिद गर्दा ऐन तथा कम्पनी ऐनको अधीनमा रही सञ्चालक समितिले तोके बमोजिमको प्रतिशतसम्म खरिद गर्न सकिनेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम थप गर्न आवश्यक भएकाले । |
| ३३. | १५. | ३३. **<u>ऋण वा डिवेञ्चर सम्बन्धी व्यवस्थाः</u>** बैंकले डिवेञ्चर उठाउँदा नेपाल राष्ट्र बैंकको स्विकृती लिई प्रचलित कम्पनी कानूनको अधिनमा रही गरिनेछ । | १५. **<u>ऋण वा डिबेञ्चर सम्बन्धी व्यवस्थाः</u>** (१) **बैंकले राष्ट्र बैंकको स्विकृती लिई प्रचलित कानूनको अधीनमा रही ऋण वा डिबेञ्चर उठाउन सक्नेछ ।**<br>(२) **जारी पूँजी पूर्ण रुपमा चुक्ता नभएसम्म बैंकले डिबेञ्चर उठाउन सक्ने** छैन । | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम थप गर्न आवश्यक भएकाले । |

| | | | | |
|---|---|---|---|---|
| | | | (३) **बैंकले जारी गरेको डिबेञ्चर शेयरमा परिणत हुन सक्नेछ । सोलाई साधारण सभाले अनुमोदन गरी राष्ट्र बैंकको स्वीकृति प्राप्त भए पछि लागू हुनेछ ।**<br>(४) **उपनियम** (३) **बमोजिम डिबेञ्चर शेयरमा परिणत गर्नु पर्दा सो सम्बन्धी कुनै शर्त तोक्नु परेमा सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।**<br>(५) **बैंकको डिबेञ्चर अन्य चल सम्पत्ति सरह धितो बन्धक राख्न सकिनेछ ।**<br>(६) **ऋण वा डिबेञ्चर सम्बन्धी अन्य व्यवस्था राष्ट्र बैंकबाट जारी निर्देशन, ऐन, कम्पनी, ऐन तथा धितोपत्र कारोबार सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।**<br>(७) **डिबेञ्चर हस्तान्तरण र दाखिल खारेज सम्बन्धी व्यवस्था कम्पनी ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।** | |
| ३७. | १६. | ३७. **<u>शेयर तथा डिवेञ्चर दर्ता कितावको निरीक्षण:</u>** (१) बैंकको शेयरवाला तथा डिवेञ्चरवालाले शेयर वा डिवेञ्चर दर्ता किताव निरीक्षण गर्न चाहेमा बैंकले निरीक्षण गर्न दिनुपर्नेछ ।<br>तर बैंकले राष्ट्रिय स्तरको पत्रिका सात दिन अगावै सूचना प्रकाशन गरी एक वर्षमा पैंतालिस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता कितावको निरीक्षण बन्द गर्न सक्नेछ ।<br>(२) कसैले शेयरवालाको दर्ता कितावको प्रतिलिपि लिन चाहेमा उपनियम (१) को प्रतिबन्धात्मक व्यवस्था बमोजिम निरीक्षण बन्द गरिएको अवस्थामा बाहेक प्रतिपृष्ठ रू. १०/- दस्तुर लिई प्रतिलिपि दिइनेछ । | १६. **<u>शेयर तथा डिवेञ्चर दर्ता कितावको निरीक्षण:</u>** (१) बैंकको शेयरवाला तथा डिवेञ्चरवालाले शेयर वा डिवेञ्चर दर्ता किताव निरीक्षण गर्न चाहेमा बैंकले निरीक्षण गर्न दिनुपर्नेछ ।<br>तर बैंकले **आफ्नो सूचना पार्टी/वेभसाइट**मा सात दिन अगावै सूचना प्रकाशन गरी एक वर्षमा पैंतालिस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता कितावको निरीक्षण बन्द गर्न सक्नेछ ।<br>(२) **यथावत** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकाले । |

## परिच्छेद – ३
## साधारण सभा

| साविक दफा | संशोधित दफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ४. | १७. | ४. **कम्पनीको सभा बोलाउने तरिका र सभाका लागि दिनुपर्ने सूचना सम्वन्धित कुराहरुः** (१) यस बैंकको साधारण सभा देहाय वमोजिम हुने छन :-<br>(क) वार्षिक साधारण सभा<br>(ख) विशेष साधारण सभा<br>(२) यस बैंकको प्रथम वार्षिक साधारण सभा बैंकले कारोवार गर्ने स्वीकृति पाएको मितिले एक वर्ष भित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारण सभाहरू आर्थिक वर्ष समाप्त भएको मितिले छ महिना भित्र गरिनेछ ।<br>(३) यस बैंकको वार्षिक साधारण सभा गर्नका लागि सञ्चालक समितिको बहुमतले निर्णय गरी सञ्चालक समितिको अध्यक्षले कम्तीमा एक्काईस दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा पन्ध्र दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै शेयरवालालाई सूचना दिइने छ ।<br>(४) उपनियम (३) वमोजिम अध्यक्षले सञ्चालक समितिको बैठक गराई साधारण सभा नबोलाएमा वा अध्यक्षले बैंक छाडी सम्पर्क विहीन भएमा वा निज देश बाहिर रहे बसेमा वा काबुवाहिरको परिस्थितिले निज सञ्चालक समितिको बैठक तथा साधारण सभामा | १७. **बैंकको साधारण सभा सम्बन्धी व्यवस्थाः** (१) यस बैंकको साधारण सभा देहाय बमोजिम हुनेछन् :-<br>(क) बार्षिक साधारण सभा,<br>(ख) विशेष साधारण सभा ।<br>(२) **यथावत**<br>(३) **यस बैंकको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा एक्काइस दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा पन्ध्र दिन अगावै शेयरधनीहरुलाई निजहरुले बैंकलाई उपलव्ध गराएको ठेगानामा सभा हुने ठाउा, मिति र छलफल गर्ने विषय खोली सबै शेयरधनीलाई सूचना दिइने छ। सो सूचना कम्तीमा दुई पटक राष्ट्रियस्तरको दैनिक पत्रिकामा पनि प्रकाशन गरिने छ ।**<br>(४) **समितिको अध्यक्षको निर्देशन वमोजिम कम्पनी सचिवले र कम्पनी सचिवको अनुपस्थितिमा कार्यकारी प्रमुखले वा समितिले तोकेको पदाधिकारीले साधारण सभा बोलाउनेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकाले । |

| | | | | |
|---|---|---|---|---|
| | | उपस्थित हुन नसक्ने अबस्था भएमा सञ्चालक समितिको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भै कारण खुलाई साधारण सभा बस्ने निर्णय गर्न सक्ने छन्। यसरी गरिएको निर्णयलाई राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक रूपले प्रकाशन गरी साधारण सभा बस्ने सम्बन्धमा शेयरधनीलाई सूचना गरिनेछ। यसरी बस्ने सञ्चालक समिति र साधारण सभाको अध्यक्षता सम्बन्धित सञ्चालक र शेयरधनीहरूले आफु मध्येबाट छानेको व्यक्तिले गर्नेछ।<br>(५) उपनियम (३) वा (४) बमोजिम बोलाइएको साधारण सभामा नियम ५ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा सात दिनको म्याद दिई पुनः साधारण सभा बोलाइने छ। यस्तो सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरेमा रितपूर्वकको सूचना दिएको मानिनेछ। | **(५) उपनियम (४) मा उल्लिखित पदाधिकारीले साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले सञ्चालक समितिको बैठक बस्न नसकेमा सञ्चालक समितिको कूल सञ्चालकहरु मध्ये कम्तीमा ५१ (एकाउन्न) प्रतिशत सञ्चालक उपस्थित भई सोही कारण खुलाई साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछन्। यसरी साधारण सभा बोलाउन सबै शेयरधनीलाई उपनियम (३) बमोजिमको सूचना दिनुपर्नेछ। यसरी बस्ने सञ्चालक समितिको बैठक र साधारण सभामा अध्यक्ष उपस्थित भएकोमा निजको अध्यक्षतामा र अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरु मध्येबाट बहुमतले छानेको सञ्चालकले समितिको बैठक तथा साधारण सभाको अध्यक्षता गर्नेछ।**<br>**(६) उपनियम (३) वा (५) बमोजिम बोलाइएको साधारण सभामा नियम २२ बमोजिमको गणपूरक संख्या नपुगी त्यस्तो सभा हुन नसकेमा कम्तीमा सात दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ। यस्तो सूचना कम्तिमा सात दिन अघि कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रीतपूर्वकको सूचना दिएको मानिनेछ।** | |

| | | | | |
|---|---|---|---|---|
| ६. | १८. | ६. **साधारण सभाको कार्यविधिः**<br>(१) साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ ।<br>(२) सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा सञ्चालकहरूले आफु मध्येबाट मनोनित गरेको व्यक्तिले साधारण सभाको अध्यक्षता गर्ने छ ।<br><br>(३) सभा सुरू हुनुअघि सभाको वैधताबारे छलफल गरी गणपूरक संख्या पुगे नपुगेको यकिन गरिनेछ ।<br><br>(४) गणपुरक संख्या पुगेको पाइएमा सभा विधिवत् सञ्चालन गर्न अध्यक्षले अनुमति दिनेछ ।<br><br>(५) सभाको विषय सूची (एजेण्डा) को रूपमा प्रस्तावहरू प्रस्तुत हुनेछन् र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ। एउटा प्रस्तावमा निर्णय नभइञ्जेल अर्को प्रस्तावमा प्रवेश गरिने छैन । | १८. **साधारण सभाको कार्यविधिः**<br>(१) **यथावत**<br><br>(२) **समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरुले आफू मध्येबाट बहुमतले छानेको सञ्चालकले सभाको अध्यक्षता गर्नेछ। तर साधारण सभामा कुनै पनि सञ्चालक उपस्थित नभएमा सभामा उपस्थित शेयरधनीहरुले आफू मध्येबाट बहुमतले छानेको शेयरधनीले साधारण सभाको अध्यक्षता गर्नेछ ।**<br><br>(३) **सभाको काम कारबाही प्रारम्भ हुनु अघि सभाको वैधताबारे छलफल गरी गणपूरक संख्या पुगे वा नपुगेको यकिन गर्नु पर्नेछ र गणपूरक संख्या पुगेको पाइएमा सो सभाको अध्यक्षको अनुमतिले सभा विधिवत् सञ्चालन हुनेछ ।**<br><br>(४) **सभामा छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ। अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभई अर्को प्रस्तावमा प्रवेश गरिने छैन् ।**<br>(५) **सभाको निर्णय बहुमतको आधारमा हुनेछ। तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरुमध्ये पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकाले । |

| | | | | |
|---|---|---|---|---|
| | | (६) सभामा अध्यक्षले तोके बमोजिम शेयरधनीले आवश्यकतानुसार पालैपालोसँग बोल्ने गरी छलफलमा भाग लिने छन् ।<br>(७) सभामा मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।<br>(८) साधारण सभामा छलफलका लगि पेश भएका प्रस्तावहरू मध्ये सबै वा कुनै प्रस्ताव उपर छलफल एवं निर्णय हुन बाँकी रहेको अवस्थामा सो सभाको अर्को बैठक सात दिनभित्र लगत्तै बस्न सक्नेछ । सो सभामा त्यस्तो प्रस्ताव उपर समावेश भएको मानी सो प्रस्ताव उपर पहिले निर्णय गरी अन्य प्रस्ताव उपर छलफल गर्नु पर्नेछ ।<br>(९) साधारण सभामा पेश नभएको प्रस्ताव उपर निर्णय गर्न पाइने छैन ।<br>तर साधारण सभामा उपस्थित कूल शेयरधनीहरू बीच सहमति भई कुनै विषयमा सर्वसम्मत निर्णय भएमा कुनै नयाँ प्रस्ताव प्रस्तुत गर्न सकिनेछ ।<br>(१०) साधारण सभा सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ । | **(६) सभामा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।**<br>**(७)कूल शेयर पूजीको सत्सठ्ठी प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले स्वीकृति दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।**<br>**(८) कुनै विषयमा शेयरधनीहरुको मत सक्तलन गर्नु पर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रिया अनुसार मत सक्तलन गरिनेछ ।**<br>**(९) कुनै खास विषयमा खास वर्गका शेयरधनीहरुको ब्यवस्था हाल नभएको ।** | |
| | १९. | **व्यवस्था नभएको** | **१९. <u>साधारण सभामा पेश गर्ने अन्य विषय:</u> कम्पनी ऐनमा उल्लेख भएका विषयहरु बाहेक साधारण सभामा पेश गर्नु पर्ने अन्य केही विषय भएमा समितिले निर्णय गरी पेश गर्न सक्नेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम थप गर्न आवश्यक भएकाले । |
| | २० | **व्यवस्था नभएको** | **२०. <u>विशेष प्रस्ताव:</u> कम्पनी ऐनमा उल्लेख भएको विषय बाहेकका विषयका सम्बन्धमा विशेष प्रस्ताव पेश गर्नुपर्ने देखि समितिले निर्णय गरेमा विशेष प्रस्ताव सम्बन्धी प्रावधान थप गर्न सकिनेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम थप गर्न आवश्यक भएकाले । |

| | | | | |
|---|---|---|---|---|
| ७. | २१. | ७. **विशेष साधारण सभाः** (१) कम्पनी कानूनमा उल्लेख भए बमोजिमको बिशेष साधारण सभा बोलाउन सकिने कुनै अवस्था उत्पन्न भएमा बैंकको विशेष साधारण सभा बोलाइनेछ । (२) विशेष साधारण सभा सम्बन्धी अन्य व्यवस्थाहरू वार्षिक साधारण सभा सरह हुनेछ । | २१. **विशेष साधारण सभाः कम्पनी ऐनमा उल्लेख भए बमोजिम बैंकको विशेष साधारण सभा बोलाउन सकिनेछ ।** विशेष साधारण सभा सम्बन्धी अन्य व्यबस्थाहरू वार्षिक साधारण सभा सरह हुनेछ । | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकाले । |
| ५. | २२. | ५. **गणपुरक संख्याः** (१) बाँडफाँड भएका कूल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना शेयरधनीहरू स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन । तर नियम ४ को उपनियम (५) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कूल शेयर संख्याको पच्चिस प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा ३ जना शेयरधनीहरू स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन । | २२. **गणपुरक संख्याः** बाँडफाँड भएको कूल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयर को प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरू मध्ये कम्तीमा तीन जना शेयरधनीहरू स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित नभई साधारण सभाको काम कारबाही प्रारम्भ हुने छैन । तर **नियम १७ को उपनियम** (६) मा उल्लेख भए बमोजिम पुनः बोलाईएको साधारण सभामा बाँडफाँड भएको कूल शेयर संख्याको पच्चीस प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा तीन जना शेयरधनीहरू स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा सञ्चालन गर्न वाधा पर्ने छैन । | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकाले । |
| १४. | २३. | १४. **प्रोक्सी मत सम्वन्धी व्यवस्थाः** (१) कुनै शेयरधनी स्वयं सभामा उपस्थित हुन नसकी सो सभामा उपस्थित हुन र आफ्नो मत प्रयोग गर्न पाउने गरी प्रतिनिधि नियुक्ति गर्नु पर्दा बैंकको अर्को कुनै शेयरधनी बाहेक अन्य कसैलाई प्रतिनिधि नियुक्ति गर्न (प्रोक्सी दिन) पाइने छैन । (२) एकभन्दा बढी व्यक्तिहरूले साझा शेयर लिएको भएमा त्यस्तो व्यक्तिले सभामा भाग लिने बारेमा साझा गरी एक जना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरूद्वारा नियुक्त गरिएको साझेदारले वा निजले उपनियम (१) बमोजिम नियुक्त गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार नियुक्ति हुन नसकेमा शेयरधनीहरूको दर्ता किताबमा सो साझेदार मध्ये जसको नाम क्रमानुसार अघि लेखिएको छ सोही साझेदारले दिएको मत वा प्रतिनिधिपत्र मात्र मान्य हुने छ । | २३. **प्रोक्सी मत सम्बन्धी व्यवस्थाः** (१) **उपनियम** (३) **को अधीनमा रही प्रचलित कानून बमोजिम करार गर्न योग्य व्यक्तिलाई प्रतिनिधि** (**प्रोक्सी**) **नियुक्त गर्न सकिनेछ । यसरी प्रोक्सी नियुक्त गर्दा बैंकको अर्को शेयरधनीलाई मात्र नियुक्त गर्नुपर्नेछ ।** (२) **कुनै शेयरधनीले प्रतिनिधि** (**प्रोक्सी**) **नियुक्त गरेपछि आफू स्वयं उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिनेछ ।** (३) **प्रतिनिधि** (**प्रोक्सी**) **नियुक्ती गर्दा बैंकको शेयर धनीलाई नै गर्नु पर्नेछ र निजले उक्त शेयरधनीको तर्फबाट समेत मतदान गर्न पाउनेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न र प्रोक्सी दिंदा शेयरधनी बाहेक अन्य व्यक्तिलाई दिंदा उत्पन्न हुन सक्ने परिस्थितिलाई ध्यानमा राख्दै शेयरधनीलाई मात्र प्रोक्सी दिने व्यवस्था गर्नु आवश्यक भएकाले । |

| | | | | |
|---|---|---|---|---|
| | | | (४) प्रतिनिधि (प्रोक्सी) ले मतदान गर्न पाउने अधिकतम् हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने बैंकको अधिकतम शेयर हिस्साको मतदान सीमा भन्दा बढी हुने छैन ।<br>(५) कुनै सञ्चालकलाई बैंकको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको भएमा आफूलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो सञ्चालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन ।<br>(६) एक भन्दा बढी व्यक्तिहरुले साझा शेयर लिएको भएमा त्यस्तो व्यक्तिले साधारण सभामा भाग लिने बारेमा साझा गरी एक जना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्वारा नियुक्त गरि एको साझेदारले वा निजले उपनियम (१) बमोजिम नियुक्त गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार नियुक्त हुन नसकेकोमा शेयर धनीहरुको दर्ता कितावमा सो साझेदार मध्ये जसको नाम क्रमानुसार अघि लेखिएको छ सोही साझेदारले दिएको मत वा प्रतिनिधिपत्र मात्र मान्य हुनेछ । | |
| १५. | २४. | १५. <u>मतदान गर्ने अधिकारः</u> (१) प्रचलित कम्पनी कानून वा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीले आफुले लिएको प्रत्येक शेयर बापत एउटा मत दिने अधिकार हुनेछ ।<br>(२)फरक मताधिकार भएका शेयरहरू जारी गरिएको छैन । | २४. <u>मतदानः</u> (१) ऐन, कम्पनी ऐन, प्रवन्धपत्र तथा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीलाई निजले लिएको प्रत्येक शेयर वापत साधारण सभामा एक मत दिने अधिकार हुनेछ ।<br>(२) फरक मताधिकार भएका शेयरहरु हाल जारी गरिएको छैन । | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकाले । |

| | | | | |
|---|---|---|---|---|
| | | | (३) साधारण सभामा मताधिकार नहुने शेयर जारी गरिएको छैन । (४) सञ्चालक निर्वाचन गर्दा एक शेयरको एक मत भन्दा बढी हुने गरी मतदान गर्न पाइने छैन । (५) सञ्चालक निर्वाचन गर्दा व्यवसायिक विशेषज्ञ सञ्चालकको हकमा सञ्चालक समितिद्वारा र अन्य सञ्चालकहरुको हकमा समूहगत मनोनयन वा मतदान प्रक्रियाद्वारा गरिनेछ । | |
| | २५. | व्यवस्था नभएको | २५. साधारण सभाको निर्णय विवरणको अभिलेखः (१) कम्पनी ऐन अनुसार खुलाउनु पर्ने कुरा खुलाई साधारण सभाको काम कारबाही तथा निर्णयको विवरणको छुट्टै अभिलेख खडा गरी राखिने छ । त्यस्तो अभिलेखमा सभाको अध्यक्ष तथा कम्पनी सचिवले हस्ताक्षर गर्नु पर्नेछ । कुनै व्यहोराले सभामा कम्पनी सचिव अनुपस्थित भएको वा कम्पनी सचिवको नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष तथा सभाले नियुक्त गरेको एकजना शेयरधनीले त्यस्तो विवरणमा हस्ताक्षर गर्नु पर्नेछ । (२) उपनियम (१) अनुसार राखिएको साधारण सभाको काम कारबाहीको विवरणको अभिलेख बैंकको रजिष्टर्ड कार्यालयमा राख्नु पर्नेछ । त्यस्तो विवरण कुनै शेयरधनीले कार्यालय समयमा निरीक्षण गर्न चाहेमा कम्पनी सचिव वा बैंकले तोकेको अन्य कर्मचारीले निरीक्षण गर्न दिनु पर्नेछ । | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम थप गर्न आवश्यक भएकाले । |

## परिच्छेद - ४
## सञ्चालक समिति

| साविक दफा | संशोधित दफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|---|
| ८ | २६ | ८. सञ्चालकको संख्या र कार्यकाल:<br>(१) बैंकको सञ्चालकहरूको नियुक्ति र निर्वाचन प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधिनमा रही वार्षिक साधारण सभाबाट हुनेछ ।<br>तर व्यवसायिक बिशेषज्ञ सञ्चालकको नियुक्ति सञ्चालक समितिले गर्ने छ ।<br>(२) यस बैंकमा ७ (सात) जनाको सञ्चालक समिति हुने छ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ ।<br>(क) नेपाल सरकारको तर्फबाट मनोनित चार जना ।<br>(ख) सर्वसाधारणको तर्फबाट निर्वाचित दुई जना ।<br>(ग) नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक बिशेषज्ञहरूको सूचीबाट सञ्चालक समितिले नियुक्त गरेको व्यवसायिक सञ्चालक एक जना ।<br>(३) सञ्चालकहरूको कार्यकाल चार वर्ष हुनेछ ।<br>(४) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि सञ्चालकको नियुक्त सञ्चालक समितिद्वारा गर्न सकिनेछ । कुनै सञ्चालकको पद त्यसरी रिक्त भएमा नयाँ नियुक्त सञ्चालकको कार्यकाल रिक्त भएको सञ्चालकको बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ । | २६. सञ्चालक समितिको गठन, संख्या र कार्यकाल: (१) बैंकको सञ्चालकहरूको नियुक्ति र निर्वाचन प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधिनमा रही वार्षिक साधारण सभाबाट हुनेछ ।<br>तर **स्वतन्त्र सञ्चालक**को नियुक्ति सञ्चालक समितिले गर्ने छ ।<br>(२) यस बैंकमा एक जना महिला समेतको प्रतिनिधित्व हुने गरी ७ (सात) जनाको सञ्चालक समिति हुने छ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ ।<br>**(क) नेपाल सरकारको तर्फबाट मनोनित तीन जना ।**<br>**(ख) सर्बसाधारणको तर्फबाट निर्वाचित तीन जना ।**<br>(ग) नेपाल राष्ट्र बैंकले **तोकेको योग्यता तथा अनुभवको आधारमा** सञ्चालक समितिले नियुक्त गरेको **स्वतन्त्र सञ्चालक** एक जना ।<br>(३) **यथावत**<br>(४) **वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै कारणले कुनै सञ्चालकको पद रिक्त हुन आएमा अर्को वार्षिक साधारण सभा नभएसम्मको अवधिका लागि सञ्चालकको नियुक्ति सञ्चालक समितिले गर्न सक्नेछ ।** | बैंकको हालको शेयर संरचनामा सर्वसाधारण शेयरधनीको हिस्सा ४९ प्रतिशत र नेपाल सरकारको हिस्सा ५१ प्रतिशत भए अनुरूप सञ्चालक समितिमा समुहगत प्रतिनिधित्वमा हेरफेर गर्नुपर्ने भएकाले ।<br>कम्पनी ऐनमा भएको व्यवस्था बमोजिम महिला सञ्चालकको व्यवस्था थप गर्न आवश्यक भएकाले ।<br>स्वतन्त्र सञ्चालकका सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट जारी भएको नियम अनुसार संशोधन गर्नु पर्ने भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | (५) कुनै संगठित संस्था, विदेशी बैंक वा वित्तीय संस्थाले बैंकको शेयर लिएको भए आफुले लिएको शेयरको अनुपातमा सञ्चालक नियुक्त गर्दा निजको अनुपस्थितिमा काम गर्न सक्ने गरी बैकल्पिक सञ्चालक समेत नियुक्त गर्न सक्नेछ । | (५) **यथावत**<br><br>(६)**सञ्चालकको निर्वाचनको लागि समितिले निर्वाचन निर्देशिका बनाई लागू गर्न सक्नेछ ।**<br>(७) **सञ्चालकहरुले आफुमध्येबाट बहुमतले छानेको कुनै एकजना व्यक्ति समितिको अध्यक्ष हुनेछ ।** | |
| १३. | २७. | <u>१३. **सञ्चालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्या:**</u><br>(१) बैंकको सञ्चालक हुने व्यक्तिले आफ्नो नाममा उपनियम (२) मा उल्लेखित संख्यामा न्यूनतम शेयर लिएको हुनु पर्नेछ ।<br>(२) यस बैंकको सञ्चालकको पदमा नियुक्ति हुनको लागी आफ्नो नाममा कम्तीमा १०० थान शेयर लिएको हुनु पर्नेछ ।<br>तर नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक बिशेषज्ञ सञ्चालक तथा बिदेशी बैंक वा वित्तीय संस्था वा संगठित संस्थाले बैंकमा शेयर लगानी गरी सञ्चालक मनोनित गरेको अवस्थामा त्यस्तो सञ्चालकले व्यक्तिगत हैसियतले त्यस्तो न्यूनतम शेयर लिन आवश्यक हुने छैन । | <u>२७. **सञ्चालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्या :**</u><br>(१) **बैंकको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० कित्ता शेयर लिएको हुनुपर्नेछ ।**<br>**तर स्वतन्त्र सञ्चालक** तथा बिदेशी बैंक वा वित्तीय संस्था वा संगठित संस्थाले बैंकमा शेयर लगानी गरी सञ्चालक मनोनित गरेको अवस्थामा त्यस्तो सञ्चालकले व्यक्तिगत हैसियतले त्यस्तो न्यूनतम शेयर लिन आवश्यक हुने छैन । | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकाले । |

| | | | | |
|---|---|---|---|---|
| १७. | २८. | १७. **<u>स्वतन्त्र सञ्चालक सम्वन्धी व्यवस्था, संख्या र योग्यता:</u>** बैंकमा नेपाल राष्ट्र बैंकले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले तोकेको व्यवस्थाको अधिनमा रही कायम गरेको व्यवसायिक बिशेषज्ञहरूको सूचीबाट सञ्चालक समितिले नियुक्ति गरेको एक जना व्यवसायिक सञ्चालक नै स्वतन्त्र सञ्चालकको रूपमा रहने छ । निजको काम, कर्तव्य, अधिकार तथा सुबिधा र कार्यकाल नियम १६ मा उल्लेख भए बमोजिम हुनेछ । | २८. **<u>स्वतन्त्र सञ्चालकको नियुक्ति, संख्या, कार्यकाल, योग्यता, तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था:</u>** (१) **ऐनले व्यवस्था गरे बमोजिम राष्ट्र बैंकले तोकेको योग्यता र अनुभव भएको व्यक्ति मध्येबाट ऐनको दफा १४ उपदफा (३) बमोजिम समितिले एक जना स्वतन्त्र सञ्चालक नियुक्त गर्नेछ ।**<br><br>(२) **निजको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा ४ वर्षको हुनेछ ।**<br>३) **स्वतन्त्र सञ्चालकको काम, कर्तव्य र अधिकार अन्य सञ्चालक सरह हुनेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था तथा स्वतन्त्र सञ्चालकका सम्बन्धमा राष्ट्र बैंकको नियम अनुसार संशोधन गर्नु पर्ने भएकोले । |
| | २९. | **व्यवस्था नभएको** | २९. **<u>सञ्चालक पुन: नियुक्त हुन सक्ने वा नसक्ने:</u> एक पटक सञ्चालक भइसकेको व्यक्ति पुन: सञ्चालकमा नियुक्त हुन सक्नेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम थप गर्न आवश्यक भएकाले । |
| ११. | ३०. | ११. **<u>सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था:</u>**<br>(१) बैंकको सञ्चालकहरूको नियुक्ति प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधिनमा रही देहाय बमोजिम हुनेछ :-<br>(क) नेपाल सरकारको तर्फबाट मनोनित चार जना ।<br>(ख) सर्वसाधारणको तर्फबाट निर्वाचित दुई जना । | ३०. **<u>सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था:</u>**<br>(१) बैंकको सञ्चालकहरूको नियुक्ति प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधिनमा रही देहाय बमोजिम हुनेछ::-<br>(क) नेपाल सरकारको तर्फबाट मनोनित **तीन** जना ।<br>(ख) सर्वसाधारणको तर्फबाट निर्वाचित **तीन** जना । | बैंकको हालको शेयर संरचनामा सर्वसाधारण शेयरधनीको हिस्सा ४९ प्रतिशत र नेपाल सरकारको हिस्सा ५१ प्रतिशत भए अनुरूप सञ्चालक समितिमा समुहगत प्रतिनिधित्वमा हेरफेर गर्नुपर्ने भएकाले । |

| | | | | |
|---|---|---|---|---|
| | | (ग) नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक बिशेषज्ञहरूको सूचीबाट सञ्चालक समितिले नियुक्त गरेको व्यवसायिक सञ्चालक एक जना ।<br>तर कुनैं संगठित संस्था बिदेशी बैंक वा वित्तीय संस्थाले शेयर लिएको अवस्थामा सो संस्थाले आफुले लिएको शेयरको अनुपातमा हुन आउने सञ्चालक नियुक्ति गर्न र निजको अनुपस्थितिमा काम गर्न सक्ने गरी बैकल्पिक सञ्चालक समेत नियुक्ति गर्न सक्नेछ ।<br>(२) सञ्चालकको पदमा नियुक्ति हुन देहायको योग्यता पुगेको हुनु पर्नेछ :-<br>(क) नियम १३ मा उल्लेखित शेयर आफ्नो नाममा लिएको वा शेयर लिनु नपर्ने छुट भएको,<br>(ख) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले तोकेको योग्यता पुगेको तथा सोही कानून र कम्पनी कानून बमोजिम अयोग्य नभएको । | (ग) **नेपाल राष्ट्र बैंकले तोकेको योग्यता तथा अनुभवको आधारमा** सञ्चालक समितिले नियुक्त गरेको स्वतन्त्र सञ्चालक एक जना ।<br>तर कुनै संगठित संस्था बिदेशी बैंक वा वित्तीय संस्थाले शेयर लिएको अवस्थामा सो संस्थाले आफुले लिएको शेयरको अनुपातमा हुन आउने सञ्चालक नियुक्ति गर्न र निजको अनुपस्थितिमा काम गर्न सक्ने गरी बैकल्पिक सञ्चालक समेत नियुक्ति गर्न सक्नेछ ।<br>(२) सञ्चालकको पदमा नियुक्ति हुन देहायको योग्यता पुगेको हुनु पर्नेछ :-<br>(क) **नियम २७** मा उल्लेखित शेयर आफ्नो नाममा लिएको वा शेयर लिनु नपर्ने छुट भएको ।<br>(ख) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले तोकेको योग्यता पुगेको तथा सोही कानून र कम्पनी कानून बमोजिम अयोग्य नभएको । | |
| २९ | ३१ | २९. **सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्थाः**<br>(१) सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ :-<br>(क) दैनिक कार्य सञ्चालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रूपमा संलग्न सञ्चालकले मात्र सञ्चालक समितिले निर्धारण गरे बमोजिमको मासिक पारिश्रमिक पाउने छ ।<br>(ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षलाई प्रति बैठक भत्ता रू. ८,०००/- र अन्य सञ्चालकलाई प्रति बैठक भत्ता रू.६,०००/- उपलब्ध गराइने छ र बैठकमा उपस्थित हुँदा परिवहन सुविधा समेत दिइनेछ । | ३१. **सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्थाः**<br>**यथावत** | |

| | | | | |
|---|---|---|---|---|
| | | (ग) बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।<br>अ) नेपाल भित्र भ्रमण गर्दा:<br>दैनिक भत्ता :रू. ३,०००/- प्रतिदिन ।<br>आवास खर्च: बिल पेश गरेको आधारमा बढीमा रू.४,०००/- प्रतिदिन ।<br>खाना खर्च: बिल पेश गरेको आधारमा बढीमा रू.२,०००/- प्रतिदिन ।<br>परिवहन वापत बिल, टिकट अनुसारको रकम भुक्तानी दिईने छ ।<br>आ) बिदेश भ्रमण गर्दा: अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार, समारोह, निमन्त्रणा वा बैठकमा, तालिम तथा बैंकको अन्य कुनै कामको सिलसिलामा बिदेश भ्रमणमा जाँदा भारत बाहेकका सबै राष्ट्रका लागि प्रतिदिन अमेरिकी डलर २२५/- र भारतमा भ्रमण गर्दा अमेरिकी डलर ११५/- पाइनेछ ।<br>भारत तथा अन्य राष्ट्रहरूमा भ्रमणमा जाँदा पाँच तारे होटलमा बस्न र हवाई मार्गद्वारा यात्रा गर्दा बिजनेश क्लासबाट यात्रा गर्न सकिनेछ । खाना खर्च वापतको होटलको बिल अनुसारको रकम, परिवहन खर्च वापतको रकम र हवाई टिकटको रकम बैंकले व्यहोर्ने छ ।<br>(घ) अन्य सुबिधाहरू :-<br>अ) पत्र पत्रिका वापत मासिक रू. २०००/- | | |

| | | | | |
|---|---|---|---|---|
| | | आ) टेलिफोन/मोवाइल वापतः- एक सेट मोवाइल र ल्याण्डलाइन, मोवाइल तथा इन्टरनेट वापत एकमुष्ठ रू. ५०००/- सञ्चार सुविधा मासिक ।<br>पत्रपत्रिका र सञ्चार रकम प्रदान गर्दा नियमानुसार लाग्ने कर कट्टा गरी एकमुष्ठ रकम प्रदान गरिनेछ ।<br>इ) सञ्चालक समितिको बैठकमा भाग लिन आउँदा परिवहन भत्ता वापत प्रति बैठक रू.१,०००/- पाउने छ ।<br>ई) दुर्घटना बिमा बापत रू. १५,००,०००/- ।<br>(ङ) अन्य सुविधा साधारण सभाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।<br>(२) सञ्चालकले यस नियममा लेखिए देखि बाहेक कुनै व्यक्तिगत फाइदा वा सुविधा लिएको पाइएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम कसुर गरेको मानी त्यस्तो रकम निजबाट असुल उपर गरिनेछ । | | |
| २१. | ३२. | २१. <u>**सञ्चालक समितिको अधिकार र कर्तव्यः–**</u> (१) सञ्चालक समितिको अधिकार र कर्तव्य प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा उल्लेख भए बमोजिम तथा सोमा उल्लेख नभएकोमा कम्पनी सम्बन्धी कानूनमा व्यवस्था गरिए अनुरूप हुनेछ ।<br>(२) सञ्चालक समितिले कुनै खास प्रयोजनको लागि आवश्यकता अनुसार एक वा एक भन्दा बढी उप समिति गठन गर्न सक्नेछ । | ३२. <u>**सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः–**</u> (१) **सञ्चालक समितिको काम, कर्तव्य र अधिकार ऐन, वा राष्ट्र बैंकबाट जारी नियमन तथा निर्देशन अनुरुप हुनेछ र सोमा उल्लेख नभएकोमा कम्पनी ऐनमा व्यवस्था गरिए अनुरुप हुनेछ ।**<br>(२) सञ्चालक समितिले कुनै खास प्रयोजनको लागि आवश्यकता अनुसार एक वा एक भन्दा बढी उप समिति गठन गर्न सक्नेछ । | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकाले । |

| | | | | |
|---|---|---|---|---|
| | | (३) उपनियम (२) बमोजिम गठन भएको उप समितिको काम, कर्तव्य, अधिकार कार्यविधि र बैठकमा भाग लिए वापत पाउने पारिश्रमिक वा भत्ता सञ्चालक समितिले तोके बमोजिम हुनेछ। | (३) उप नियम (२) बमोजिम गठन भएको उप समितिको काम, कर्तव्य, अधिकार कार्यविधि र बैठकमा भाग लिए वापत पाउने पारिश्रमिक वा भत्ता सञ्चालक समितिले तोके बमोजिम हुनेछ। | |
| | ३३. | **व्यवस्था नभएको** | ३३. **<u>अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्थाः</u>** (१) **ऐन तथा कम्पनी ऐनको अधीनमा रही समितिले आफ्नो अधिकारमध्ये केही बैंक/वित्तीय संस्थाका अन्य सञ्चालक, पदाधिकारी, उप समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।**<br>(२) **ऐन तथा कम्पनी ऐनको अधीनमा रही समितिले विषय, व्यक्ति, समिति/उप समिति खुलाई निर्णय गरे बमोजिम अधिकार प्रत्यायोजन गर्न सक्नेछ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम थप गर्न आवश्यक भएकाले। |
| १८. | ३४ | १८. **<u>प्रबन्ध सञ्चालक रहने वा नरहने सो उल्लेख गर्नेः</u>** यस बैंकमा प्रबन्ध सञ्चालक रहने छैन। | ३४. **<u>प्रबन्ध सञ्चालक रहने वा नरहने सो उल्लेख गर्नेः</u> यथावत** | |
| २० | ३५ | २०. **<u>कार्यकारी प्रमुखको नियुक्ति तथा निजको अधिकार र कर्तव्यः</u>**<br>(१) सञ्चालक समितिले प्रचलित बैंक तथा वित्तीय संस्था सम्वन्धी कानून र नियमावलीको अधिनमा रही बैंकको कार्यकारी प्रमुखको रूपमा प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्नेछ।<br>(२) कार्यकारी प्रमुख बैंकको प्रमुख प्रशासक हुनेछ।<br>(३) कार्यकारी प्रमुखको पदावधि चार वर्षको हुनेछ।<br>(४) कार्यकारी प्रमुखको पारिश्रमिक र सेवाको अन्य शर्त सञ्चालक समितिले तोके बमोजिम हुनेछ। | ३५. **<u>प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्थाः</u>** (१) **समितिले ऐन र नियमावलीको अधीनमा रही बैंकको कार्यकारी प्रमुखको रुपमा प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्नेछ।**<br>(२) **कार्यकारी प्रमुख बैंकको प्रमुख प्रशासक हुनेछ र निजको योग्यता ऐनमा उल्लेख भए बमोजिम हुनेछ।**<br>(३) **कार्यकारी प्रमुखको पदावधि चार वर्षको हुनेछ र निजको पुनर्नियुक्ति हुन सक्नेछ।**<br>(४) **कार्यकारी प्रमुखको पारिश्रमिक र सेवाको अन्य शर्त सञ्चालक समितिले तोके बमोजिम वा करारद्वारा निश्चित हुनेछ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकाले। |

| | | | | |
|---|---|---|---|---|
| | | (५) कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः- (क) सञ्चालक समितिको निर्णय लागु गर्ने र प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रवन्धपत्र र यस नियमावलीको अधिनमा रही बैंकको काम कारवाही तथा कारोवारको रेखदेख र नियन्त्रण गर्ने । (ख) बैंकको वार्षिक बजेट र कार्य योजना तयार गरी स्वीकृतिको लागि सञ्चालक समिति समक्ष पेश गर्ने । (ग) वित्तीय संस्थाको कर्मचारी विनियमावलीको अधिनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने । (घ) सञ्चालक समिति र साधारण सभाद्वारा गरिएका निर्णय र नेपाल राष्ट्र बैंकद्वारा दिइएका निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने । (ङ) प्रचलित बैंक तथा वित्तिय संस्था सम्बन्धी कानून, प्रवन्धपत्र र यस नियमावलीको अधिनमा रही बैंकले नेपाल राष्ट्र बैंक वा अन्य कुनै निकायमा पेश गर्नु पर्ने विवरण, कागजात, निर्णय आदि यथासमयमा पेश गर्ने । (च) वित्तीय संस्था सञ्चालन गर्ने सम्वन्धमा तोकिए वमोजिमका अन्य कार्यहरू गर्ने । (छ) कार्यकारी प्रमुख आफ्नो कामको निमित्त सञ्चालक समिति प्रति उत्तरदायी हुनेछ । | **(५) कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः– (क) समितिको निर्णय लागू गर्ने र ऐन, कम्पनी ऐन, प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही बैंकको काम कारवाही तथा कारोवारको रेखदेख र नियन्त्रण गर्ने, (ख) बैंकको वार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने, (ग) बैंकको कर्मचारी सेवा विनियमावलीको अधीनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने, (घ) समिति र साधारण सभाद्वारा गरिएका निर्णय र राष्ट्र बैंकद्वारा निर्देशित कुराहरु कार्यान्वयन गर्ने/गराउने, (ङ) ऐन, प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही बैंक/वित्तीय संस्थाले राष्ट्र बैंक वा अन्य कुनै निकायमा पेश गर्नु पर्ने विवरण, कागजात, निर्णय आदि यथासमयमा पेश गर्ने, (च) बैंक सञ्चालन गर्ने सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने । (छ) कार्यकारी प्रमुख आफ्नो कामको निमित्त समितिप्रति उत्तरदायी हुनेछ ।** | |
| ९. | ३६. | ९. <u>**सञ्चालक समितिको बैठक कसले बोलाउने हो सो कुरा उल्लेख गर्नेः**</u> सञ्चालक समितिको बैठक अध्यक्षको आदेश बमोजिम कंम्पनि सचिवले बोलाउने छ । | **३६. <u>समितिको बैठक कसले बोलाउनेः</u> समितिको बैठक अध्यक्षको आदेश बमोजिम कम्पनी सचिवले बोलाउनेछ र कम्पनी सचिव नियुक्त नभएको वा अनुपस्थित भएको अवस्थामा कार्यकारी प्रमुखले समितिको बैठक बोलाउन सक्नेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकाले । |

| | | | | |
|---|---|---|---|---|
| १० | ३७ | १०. **सञ्चालक समितिको बैठकः** (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार नियम ९ मा उल्लेखित पदधिकारीले बोलाउने छ । कूल सञ्चालक संख्याको कम्तीमा एक तिहाई सञ्चालकहरूले लिखित अनुरोध गरेमा त्यस्तो पदाधिकारीले पन्ध्र दिन भित्र सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ । यसरी निजले पन्ध्र दिनभित्र बैठक नबोलाएमा सो कुरा खुलाई कम्पनी रजिष्ट्रार कार्यालयमा सञ्चालक समितिको बैठक बोलाउन निवेदन दिन सकिनेछ । यसरी प्राप्त भएको निवेदन उपर कार्यालयले छानविन गरी अध्यक्षले बैठक नबोलाएको पाइएमा कार्यालयले एकाउन्न प्रतिशत सञ्चालकको उपस्थितिमा बैठक बस्ने अनुमति दिन सक्नेछ ।<br>(२) सञ्चालक समितिको बैठकमा सञ्चालकहरू स्वयं उपस्थित हुनु पर्नेछ ।<br>(३) सञ्चालकहरूको जम्मा संख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरू उपस्थित नभई सञ्चालक समितिको बैठक हुने छैन ।<br>तर उक्त संख्यामा सञ्चालकहरू उपस्थित नभएको कारणले सञ्चालक समितिको बैठक हुन नसकेमा कम्तीमा तिन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ । त्यस्तो बैठकमा पनि यस उपनियममा उल्लेखत संख्यामा सञ्चालकहरू उपस्थित नभएमा उपस्थित सञ्चालकहरूले गरेको काम कारवाही तथा निर्णय मान्य हुनेछ । | ३७. **समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) **समितिको बैठक दुईवटा बैठक बीचको अवधि दुई महिना भन्दा बढी नहुने गरी वर्षमा कम्तिमा बाह्र पटक बैठक बस्नु पर्नेछ । नियम ३६ मा लेखिएको पदाधिकारीले समितिको बैठक बोलाउनेछ । त्यसरी बैठक नबोलाएमा कूल सञ्चालक संख्याको कम्तीमा एक तिहाई प्रतिशत सञ्चालकहरुले लिखित अनुरोध गरेमा अध्यक्षले जुनसुकै बखत समितिको बैठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि अध्यक्षले बैठक नबोलाएमा सो कुरा खुलाई कम्तीमा पच्चीस प्रतिशत सञ्चालकले बैठकमा छलफल हुने विषय र बैठक बस्ने समय तथा स्थान उल्लेख गरी समितिको बैठक बोलाउन सक्नेछन् । यसरी बैठक बोलाउँदा अन्य सञ्चालकहरुलाई उपनियम (२) अनुसार बैठकको सूचना दिनुपर्नेछ ।**<br>(२) **समितिको बैठकको सूचना सञ्चालकले उल्लेख गरेको ठेगानामा लिखित रुपमा वा विद्युतीय सञ्चार माध्यमबाट दिन सकिनेछ ।**<br>**(३)सञ्चालकहरु समितिको बैठकमा स्वयं उपस्थित हुनुपर्नेछ । तर वैकल्पिक सञ्चालक नियुक्त गर्ने संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक अनुपस्थित भएको अवस्थामा निजको वैकल्पिक सञ्चालक उपस्थित हुन सक्नेछ। तर, मुलुकमा विशेष परिस्थिति उत्पन्न भएको अवस्थामा समितिको बैठक बस्नु परेको खण्डमा अभिलेख समेत रहने गरी भिडियो कन्फरेन्स वा यस्तै प्रकारको अन्य प्रविधि मार्फत सञ्चालक बैठकमा उपस्थित हुन र भाग लिन सक्ने छ, यस्तो उपस्थितिलाई सञ्चालक स्वयं उपस्थित भएको सरह मानिनेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकाले । |

| | | | | |
|---|---|---|---|---|
| | | (४) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरूले आफूहरू मध्येबाट छानेको सञ्चालकले अध्यक्षता गर्नेछ। | **(४) सञ्चालकहरुको संख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरु उपस्थित नभई समितिको बैठक बस्न सक्ने छैन् र गणपूरक संख्या नपुगी समितिको बैठक हुन नसकेमा कम्तीमा तीन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ।** | |
| | | (५) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा मात्र अध्यक्षले निर्णायक मत दिन सक्नेछ। | **(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरुले आफूमध्येबाट बहुमतले छानेको सञ्चालकले अध्यक्षता गर्नेछ।** | |
| | | (६) सञ्चालक समितिको बैंठक वर्षमा कम्तीमा बाह्र पटक बस्नु पर्ने छ। तर दुईवटा बैंठकको बिचको फरक दुई महिना भन्दा बढी हुने छैन। | **(६) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ।**<br>**तर सञ्चालक समितको बैठकमा आफ्ना निजी सरोकार वा स्वार्थ भएको विषयमा हुने छलफलमा कुनै सञ्चालकले भाग लिन वा मतदान गर्न पाउने छैन्।** | |
| | | (७) बैठक बस्ने समय, मिति, स्थान, छलफलमा पेश गर्ने बिषय सूची समेत खुलाई बैठक बोलाउने पदाधिकारीले बैठक हुनु भन्दा कम्तीमा तीन दिन अगाबै सञ्चालकहरूलाई सूचना पठाउनु पर्ने छ। र यस्तो सूचना फ्याक्स वा ईमेल मार्फत पनि पठाउन सकिने छ। यसरी बोलाइएको बैठकमा बिषय सूचीमा नपरेका बिषयहरूमा पनि अध्यक्षले अनुमती दिएमा छलफल गर्न सकिने छ। | | |
| | | (८) उपनियम(७) जुनसुकै कुरा लेखिएको भएता पनि कुनै आकस्मिक बिषयमा सञ्चालक समितिको बैठक बोलाउन आवश्यक देखिएमा अध्यक्षको आदेश वा स्वीकृतीले तीन दिनको पूर्व सूचना बिना पनि सञ्चालक समितिको बैंठक बोलाउन सकिने छ। | | |

| | | | | |
|---|---|---|---|---|
| | | (९) सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालकहरू, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) छुट्टै किताबमा लेखी अभिलेख राख्नु पर्नेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण संचालकहरूले सही गर्नु पर्नेछ ।<br>(१०) यस नियमावलीमा अन्यत्रमा जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा सञ्चालक समितिका सबै सदस्यहरू लिखित रूपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । त्यसरी भएको सहमतिलाई सञ्चालक समितिको बैठकको निर्णय सरह मानिनेछ ।<br>(११) कुनै सञ्चालकलाई हटाउने अवस्था परेमा जुन समुहबाट सञ्चालक निर्वाचित भएको हो सोही समुहको बहुमत शेयरधनीले बैंकको साधारण सभावाट प्रस्ताव पारित गरी सञ्चालकलाई हटाउन सकिने छ । यसरी रिक्त भएको स्थानमा बाकी अवधिको लागी सोही समुहले अर्को सञ्चालकको निर्वाचन गर्न समेत सक्ने छ ।<br>(१२) सञ्चालक समिति सम्बन्धी अन्य कुराहरू प्रचलित बैक तथा बित्तिय संस्था संम्वन्धी कानून तथा कम्पनि कानूनमा व्यवस्था भए अनुरूप हुनेछ । | | |
| | ३८. | **व्यवस्था नभएको** | ३८. **<u>समितिको निर्णयको अभिलेखः</u>**<br>(१) **समितिको बैठकमा उपस्थित सञ्चालकको नाम, छलफल भएको विषय र तत् सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) छुट्टै कितावमा अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालकले दस्तखत गरेको हुनु पर्नेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम थप गर्न आवश्यक भएकाले । |

| | | | | |
|---|---|---|---|---|
| | | | **तर कुनै विषयमा छलफल गर्दा कुनै सञ्चालकले निर्णयको विपरित वा त्यस्तो निर्णय हुने कुरा भन्दा फरक विचार राखेमा सोही कुरा निजले अभिलेखमा उल्लेख गरी दस्तखत गर्नु पर्नेछ ।**<br>(२) **विद्युतीय सञ्चार साधन वा कम्प्युटरको प्रयोग गर्ने भए त्यस्तो विद्युतीय सञ्चार साधन, कम्प्युटरको माध्यमबाट पनि निर्णयको विवरण राख्न सकिनेछ । यसरी निर्णयको विवरण राख्ने भए निर्णयको व्यहोरा फेरबदल गर्न नपाउने पर्याप्त व्यवस्था गर्नु पर्नेछ ।**<br>(३) **कुनै शेयरधनीले सञ्चालक समितिको निर्णय कार्यालय समयभित्र निरीक्षण गर्न सक्नेछ ।** | |

**परिच्छेद – ५**

**हिसाबकिताब, लेखा तथा लेखापरीक्षण**

| **साविक दफा** | **संशोधित दफा** | **साविकको व्यवस्था** | **प्रस्तावित व्यवस्था** | **संशोधन गर्नु पर्ने कारण** |
|---|---|---|---|---|
| ३१ | ३९ | ३१. **बैंकको लेखा, हिसाबकिताव र लेखापरीक्षणः** (१) बैंकले आफ्नो हिसाव किताव, खाता, वही, श्रेस्ता, लेखाको अभिलेख यथार्थ र दुरूस्त रूपमा प्रतिबिम्बित हुने गरी प्रचलित कानून अनुसार अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (एकाउण्टिङ्ग स्ट्याण्डर्ड) अनुरूप अद्यावधिक रूपमा राख्नु पर्नेछ र यस्तो लेखा नेपाल राष्ट्र बैंकले अन्यथा स्वीकृति दिएकोमा बाहेक आफ्नो रजिष्टर्ड (केन्द्रीय) कार्यालयमा राख्नेछ । | ३९. **बैंकको हिसाबकिताब, लेखा तथा लेखापरीक्षणः** (१) बैंकले आफ्नो हिसाव किताब, खाता, वही, श्रेस्ता, लेखाको अभिलेख यथार्थ र दुरूस्त रूपमा प्रतिबिम्बित हुने गरी **दोहोरो लेखा प्रणालीमा आधारित सर्वमान्य सिद्धान्त र अधिकार प्राप्त निकायले** लागू गरेको लेखामान (एकाउण्टिङ्ग स्ट्याण्डर्ड) अनुरूप अद्यावधिक रूपमा राख्नु पर्नेछ र यस्तो लेखा, राष्ट्र बैंकले अन्यथा स्वीकृति दिएकोमा बाहेक आफ्नो रजिष्टर्ड (केन्द्रीय) कार्यालयमा राख्नु पर्नेछ । | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकाले । |

| | | | | |
|---|---|---|---|---|
| | | (२) बैंकले आफ्नो वासलात र नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण लगायतका अन्य वित्तीय विवरण नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरिका अनुरूप राख्नेछ । | (२) **यथावत** | |
| | | (३) बैंकले आर्थिक वर्ष समाप्त भएको पाँच महिनाभित्र वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका अन्य वित्तीय विवरण नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरीका अनुसार तयार गरी आफ्नो हिसाव किताबको लेखापरीक्षण गराउने छ। यस्तो वित्तीय विवरणमा कम्तीमा दुई जना सञ्चालक, कार्यकारी प्रमुख र लेखापरीक्षकको सही भएको हुनु पर्नेछ । | (३) **यथावत** | |
| | | (४) लेखापरीक्षकको नियुक्ति बैंकको साधारण सभाबाट हुनेछ। तर प्रथम साधारण सभा हुनुभन्दा अघि सञ्चालक समितिले लेखापरीक्षक नियुक्ति गर्नेछ र एउटै लेखापरीक्षकलाई लगातार तीनपटक भन्दा बढी अवधिको लागि नियुक्त गर्न सकिने छैन । | (४) **यथावत** | |
| | | (५) साधारण सभाले उपनियम (४) बमोजिम लेखापरीक्षक नियुक्ति गर्दा नेपाल राष्ट्र बैंकले स्वीकृत गरेको लेखापरीक्षकको सूचीमा समावेश रहेका लेखापरीक्षक मध्येबाट गर्नु पर्नेछ र त्यसरी नियुक्त भएको मितिले १५ दिनभित्र निजको नाम नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्ट्रार कार्यालयमा पठाउनु पर्नेछ । | (५) **यथावत** | |

| | | | | |
|---|---|---|---|---|
| | | (६) उपनियम (३) बमोजिमको अवधिभित्र लेखापरीक्षण गराउन नसकेमा बैंकले मनासिव कारण सहित म्याद थपको लागि नेपाल राष्ट्र बैंकमा अनुरोध गर्नु पर्नेछ र यस्तो थप अवधि बढीमा तीन महिनाको हुनेछ ।<br>(७) लेखापरीक्षकले आफूले गरेको लेखापरीक्षण प्रतिवेदनको एक/एक प्रति बैंक र नेपाल र ाष्ट्र बैंकमा पेश गर्नु पर्नेछ । बैंकले त्यस्तो प्रतिवेदनको प्रतिलिपि वार्षिक साधारण सभाको सूचनासँग संलग्न गरी प्रत्येक शेयरधनी र कम्पनी रजिष्ट्रारको कार्यालयमा समेत प्रचलित कानून बमोजिम पठाउनु पर्नेछ ।<br>(८) लेखापरीक्षण सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा कम्पनी कानून अनुरुप हुनेछ ।<br>(९) बैंकको अद्यावधिक हिसाव किताव कुनै शेयरधनीले हेर्न चाहेमा यथाशीघ्र हेर्न दिनुपर्नेछ । | (६) **यथावत**<br>(७) **यथावत**<br>(८) **यथावत**<br>(९) **यथावत** | |
| ३२ | ४० | ३२. <u>**लेखापरीक्षण समिति सम्बन्धी व्यवस्थाः**</u> बैंकले कम्पनी सम्बन्धी प्रचलित कानून र नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनको अनुकूल हुने गरी लेखापरीक्षण समितिको व्यवस्था गर्नेछ । | ४०. <u>**लेखापरीक्षण समिति सम्बन्धी व्यवस्थाः**</u> (१) **बैंकले नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनको अनुकूल हुने गरी लेखापरीक्षण समितिको व्यवस्था गर्नेछ ।**<br>(२) **समितिले प्रचलित कानूनको अधिनमा रही उपनियम** (१) **वमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार तोक्न सक्नेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमो जिम संशोधन गर्न आवश्यक भएकाले । |

## परिच्छेद – ६
## विविध

| साविक दफा | संशोधित दफा | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ३५ | ४१. | ३५. **लाभांश सम्बन्धी व्यवस्थाः** (१) लाभांश वितरण गर्ने निर्णय भएको पैंतालिस दिनभित्र वितरण गर्नु पर्नेछ । (२) उपनियम (१) बमोजिम लाभांश वितरण नगरेमा दश प्रतिशतका दरले लाभांशको व्याज समेत दिनु पर्नेछ । (३) बैंकले प्रचलित कानूनको अधीनमा रही नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम अन्तरिम लाभांश वितरण गर्न सक्नेछ । (४) यस नियमावलीमा अन्यत्र जुन सुकै कुरा लेखिएको भए तापनि कम्पनीले शेयरवापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई सो हदसम्म निजको लाभांश रोक्का राख्न सक्नेछ । | ४१. **लाभांश सम्बन्धी व्यवस्थाः** (१) **यथावत** (२) उपनियम (१) बमोजिमको **अवधिभित्र** लाभांश वितरण नगरेमा दश प्रतिशतका दरले लाभांशको व्याज समेत थप गरी लाभांशको रकम भुक्तानी गर्नु पर्नेछ । (३) **ऐन तथा राष्ट्र बैंकबाट जारी निर्देशनहरुको अधीनमा रही बैंकले अन्तरिम लाभांश वितरण गर्न सक्नेछ ।** (४) **यथावत** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकाले । |
| | ४२ | **व्यवस्था नभएको** | ४२. **शेयरधनी, डिबेञ्चरवाला, सञ्चालक र पदाधिकारीलाई दिईने तथा निजबाट प्राप्त हुने सूचनाः बैंकले शेयरधनी, डिबेञ्चरवाला, सञ्चालक वा पदाधिकारीहरुलाई र शेयरधनी वा डिबेञ्चरवालाहरुले बैंकका सञ्चालक वा बैंकका पदाधिकारीलाई कुनै सूचना वा जानकारी वा विद्युतीय वा अन्य कुनै माध्यमबाट दिन सक्नेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम थप गर्न आवश्यक भएकाले । |
| ३८ | ४३ | ३८. **कम्पनी सचिव सम्बन्धी व्यवस्थाः** (१) प्रचलित कम्पनी कानूनले तोकेको योग्यता पुगेको नेपाली नागरिकलाई सञ्चालक समितिले बैंकको कम्पनी सचिवको पदमा नियुक्त गर्नेछ । | ४३. **कम्पनी सचिव सम्बन्धी व्यवस्थाः** (१) **कम्पनी ऐनले तोकेको** योग्यता पुगेको नेपाली नागरिकलाई समितिले बैंकको कम्पनी सचिवको पदमा नियुक्त गर्नेछ । | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकाले । |

| | | | | |
|---|---|---|---|---|
| | | (२) उपनियम (१) बमोजिम कम्पनी सचिवको नियुक्ति गर्दा बैंकमा कार्यरत कर्मचारीलाई समेत कम्पनी सचिवको काम गर्ने जिम्मेवारी दिन सकिनेछ ।<br>तर उल्लिखित योग्यता पुगेको बैंकमा कार्यरत कर्मचारी बाहेक कुनै पनि नेपाली नागरिकलाई कम्पनी सचिवको पदमा नियुक्त गर्दा निजको पदावधि, सेवा र शर्त सम्बन्धी व्यबस्था सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।<br>(३) कम्पनी सचिवको काम, कर्तव्य र अधिकार प्रचलित कम्पनी कानूनमा उल्लेख भए बमेजिम हुनेछ । | (२) उपनियम (१) बमोजिम कम्पनी सचिवको नियुक्ति गर्दा बैंकमा कार्यरत **योग्यता पुगेको** कर्मचारीलाई समेत कम्पनी सचिवको काम गर्ने जिम्मेवारी दिन सकिनेछ ।<br>तर उल्लिखित योग्यता पुगेको बैंकमा कार्यरत कर्मचारी बाहेक कुनै पनि नेपाली नागरिकलाई कम्पनी सचिवको पदमा नियुक्त गर्दा निजको पदावधि, सेवा र शर्त सम्बन्धी व्यबस्था समितिले तोके बमोजिम हुनेछ ।<br>(३) **यथावत** | |
| ३० | ४५ | ३०. **बैंकको छापको प्रयोग:** (१) बैंकको छाप कार्यकारी प्रमुखको मातहतमा रहनेछ, जसको प्रयोग बैंकको कारोबारको प्रयोजनको लागि गरिनेछ । निजले बैंकका अन्य कर्मचारीहरूलाई छापको प्रयोग गर्ने गरी जिम्मेबारी सुम्पन सक्नेछ ।<br>(२) बैंकको छाप अनाधिकृत रूपमा प्रयोग गरी बैंकलाई कुनै दायित्व श्रृजना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व वापत श्रृजना हुने रकम असुल उपर गरिने छ । | ४४. **बैंकको छाप सम्बन्धी व्यवस्था:**<br>(१) **यथावत**<br>(२) **यथावत** | |
| | ४५ | **व्यवस्था नभएको** | ४५. **प्रतिलिपि दस्तुर सम्बन्धी व्यवस्था:** (१) **बैंकको प्रवन्धपत्र, नियमावली, वार्षिक आर्थिक विवरण, लेखापरीक्षण प्रतिवेदन, सञ्चालकको लगत, शेयरधनीको दर्ता किताब, दर्ता प्रमाणपत्र वा बैंकको तर्फबाट कार्यालयमा पेश गरिएको कुनै लिखतको प्रतिलिपि कुनै शेयरधनी वा अरु सरोकारवालाले माग गरेमा प्रति पृष्ठ रु. १०/- दस्तुर लिई प्रतिलिपि दिनु पर्नेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम थप गर्न आवश्यक भएकाले । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (२) बैंकको साधारण सभाको काम कारबाहीको विवरणको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु. १०/- दस्तुर लाग्नेछ । (३) बैंकको समितिको निर्णयको प्रतिलिपि समितिले तोके बमोजिम । (४) शेयर प्रमाणपत्रको प्रतिलिपि प्राप्त गर्न रु. १०/- दस्तुर लाग्नेछ । (५) शेयरधनी वा डिबेञ्चरवालाको दर्ता किताबको प्रतिलिपि प्राप्त गर्न प्रतिपृष्ठ रु. १०/- दस्तुर लाग्नेछ । (६) प्रतिलिपि प्रदान गर्दा प्रचलित कानून र नेपाल राष्ट्र बैंकको निर्देशन प्रतिकूल नहुने गरी मात्र प्रदान गरिनेछ । | |
| ३४ | ४६ | ३४. बैंक गाभिने कुराः यस बैंकमा कुनै अर्को बैंकलाई वा यस बैंकलाई कुनै अर्को बैंकमा गाभ्न आवश्यक भएमा प्रचलित बैंक तथा वित्तीय संस्था तथा कम्पनी सम्बन्धी कानून बमोजिमको प्रक्रिया पूरा गरी गाभ्न सकिनेछ । | ४६. बैंक गाभ्ने/गाभिने व्यवस्थाः (१) यस बैंकमा कुनै अर्को बैंक वा वित्तीय सस्थालाई वा यस बैंकलाई अर्को कुनै बैंक/वित्तीय संस्थामा गाभ्न आवश्यक भएमा बैंकको साधारण सभाले विशेष प्रस्ताव पारित गरी राष्ट्र बैंक ऐन, २०५८, ऐन, कम्पनी ऐन तथा अन्य प्रचलित कानून बमोजिम अर्को बैंक वा वित्तीय संस्थालाई गाभ्न वा आफू अर्को बैंक/वित्तीय संस्थामा गाभिन सक्नेछ । (२) यस बैंक अर्को बैंकसाग गाभिादा शेयरको हेरफेर, हस्तान्तरण वा बैंकको सम्पूर्ण जायजेथा विक्रीमा सहमति नजनाउने शेयरधनीको हकमा राष्ट्र बैंकको स्वीकृति लिई कुनै विशेष व्यवस्था गर्न सकिने छ । | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकाले । |

| | | | | |
|---|---|---|---|---|
| ४० | ४७ | ४०. **<u>बैंकको खारेजी:</u>** (१) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति विना बैंक स्वेच्छाले खारेज हुन सक्ने छैन ।<br>(२) उपनियम (१) बमोजिम बैंकको स्वेच्छिक खारेजीको लागि निवेदन पर्न आएमा नेपाल राष्ट्र बैंकले आवश्यक जाँचबुझ गरी बैंकले आफ्नो ऋण तथा दायित्व पूर्ण रुपमा भुक्तानी गर्न सक्षम छ भन्ने कुरामा नेपाल राष्ट्र बैंक विश्वस्त भएमा राष्ट्र बैकले आवश्यक शर्त तोकी स्वेच्छिक खारेजीको अनुमति दिन सक्नेछ ।<br>(३) बैंकको खारेजी सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी कानून तथा अन्य प्रचलित कानून अनुरुप हुनेछ । | ४७. **<u>बैंकको खारेजी:</u>** (१) यथावत<br>(२) **उपनियम** (१) **बमोजिम बैंकको स्वेच्छिक खारेजीको लागि साधारण सभाले निर्णय गरी राष्ट्र बैंकको स्वीकृतिको लागि निवेदन दिनु पर्नेछ ।**<br>(३) बैंकको खारेजी सम्बन्धी अन्य व्यवस्था **ऐन**, **कम्पनी ऐन** तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ । | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकाले । |
| ३६ | ४८ | ३६. **<u>कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा:</u>** (१) यो बैंक प्रचलित कम्पनी कानून अन्तर्गत कम्पनी रजिष्ट्रार कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रूपमा संस्थापित भई प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून अन्तर्गत संचालित बैंकिङ व्यवसाय गर्ने कम्पनी हो ।<br>(२) नेपाल राष्ट्र बैंकले निर्देशन दिए बमोजिम तोकिदिएको मितिभित्र तोकिएको ढाँचामा बैंकले आफ्नो वित्तीय विवरण र अन्य आवश्यक विवरणहरु नियमित रुपले नेपाल राष्ट्र बैंकमा पेश गर्नु पर्नेछ । | ४८. **<u>कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा:</u>** (१) यो बैंक **कम्पनी ऐन** अन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रूपमा संस्थापित भई **ऐन अन्तर्गत वित्तीय कारोवार गर्ने बैंक हुनेछ ।**<br>(२) **राष्ट्र बैंकले** निर्देशन दिए बमोजिम तोकिदिएको मितिभित्र तोकिएको ढाँचामा बैंकले आफ्नो वित्तीय विवरण र अन्य आवश्यक विवरणहरु **नियमित रूपले राष्ट्र बैंकमा** पेश गर्नेछ । | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकाले । |

| | | | | |
|---|---|---|---|---|
| | | (३) बैंकमा रहेको निक्षेप उपर सो निक्षेप राख्ने व्यक्ति बाहेक अरु कसैको हक दावी लाग्ने छैन । निक्षेप राख्ने व्यक्तिको मृत्यु भएमा निजले कसैलाई इच्छाएको भए त्यस्तो इच्छाइएको व्यक्तिको र त्यस्तो इच्छाइएको व्यक्तिको पनि मृत्यु भएको रहेछ वा कसैलाई इच्छाइएको रहेनछ भने देहायको व्यक्ति मध्ये प्राथमिकता क्रमानुसार जुन व्यक्ति जीवित छ सोही व्यक्तिको त्यस्तो निक्षेप उपर पहिलो हक दावी लाग्नेछः-<br>(क) संगोलको पति वा पत्नी,<br>(ख) संगोलको छोरा, धर्मपुत्र वा छोरी वा धर्मपुत्री,<br>(ग) संगोलको बाबु, आमा, छोरा पट्टीको नाति वा नातिनी,<br>(घ) भिन्न बसेको पति वा पत्नी, छोरा, अविवाहिता छोरी, बाबु वा आमा,<br>(ङ) संगोलको बाबुपट्टिको बाजे, बज्यै, दाजु, भाइ, अविवाहिता दिदी वा बहिनी,<br>(च) संगोलको भतिजा, भतिजी, सौतेनी आमा, भिन्न बसेको छोरा पट्टीको नाति वा अविवाहिता नातिनी,<br>(छ) संगोलको काका, विधवा, काकी, भाउज्यू, भाइ-बुहारी वा नातिनी-बुहारी,<br>(ज) भिन्न बसेको दाजु वा भाइ,<br>(झ) विवाहिता दिदी, बहिनी, भिन्न बसेका बाजे, बज्यै, विधवा छोरा-बुहारी, नातिनी-बुहारी वा भतिजा ।<br>तर उपरोक्त प्राथमिकताक्रममा पर्ने कोही व्यक्ति नभएको अवस्थामा त्यस्तो निक्षेप उपर हकवालाको दावी रहनेछ र हकवाला पनि नभएको अवस्थामा सो निक्षेप नेपाल सरकारको हुनेछ । | (३) **यथावत** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकाले । |

| | | | | |
|---|---|---|---|---|
| | | (४) इजाजतपत्र प्राप्त संस्थामा रहेको निक्षेप हक पुग्ने व्यक्तिको मञ्जुरीले बाहेक अन्य कुनै व्यक्तिलाई दिइने छैन । | (४) **बैंकमा रहेको** निक्षेप हक पुग्ने व्यक्तिको मञ्जुरीले बाहेक अन्य कुनै व्यक्तिलाई दिइने छैन । | |
| | | (५) बैंकमा रहेको निक्षेप हक पुग्ने व्यक्तिको मञ्जुरीले बाहेक अन्य कुनै प्रकारले जफत गरिने छैन । तर बैंकमा निक्षेप राखेको रुपैया नै धितो वा जमानत राखी लेनदेन कारोवार गरेको वा प्रचलित कानून बमोजिम जफत हुने अवस्थामा त्यस्तो निक्षेप जफत गर्न यस उपनियमले बाधा पुऱ्याएको मानिने छैन । | (५) **यथावत** | |
| | | (६) बैंकले दश वर्षदेखि चल्ती नभएका तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम हक दावी नपरेका निक्षेप खाताहरुको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र नेपाल राष्ट्र बैंकमा पठाउनु पर्नेछ । | (६) बैंकले दश वर्षदेखि चल्ती नभएका **तथा ऐन** बमोजिम हक दावी नपरेका निक्षेप खाताहरुको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र नेपाल राष्ट्र बैंकमा पठाउनु पर्नेछ । | |
| | | (७) बैंकको कुनै पनि सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक तथा व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्ति वा कम्पनी सचिवले आफू बैंकमा बहाल रहँदाको बखत वा त्यस्तो पदबाट अवकास प्राप्त गरेको कम्तीमा एक वर्षसम्म बैंक वा सोको सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवारको वा आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको, फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न गराउन, गर्न दिन, धितोबन्धक राख्न,राख्न लगाउन, दान बकस लिन, दिन वा लेनदन गर्नु हुँदैन ।<br>तर नयाँ शेयर जारी गरिएको अवस्थामा यो प्रतिबन्ध लागू हुने छैन । | (७) **राष्ट्र बैंक ऐन, २०५८, वा सो अन्तर्गत बनेका नियम/विनियमहरू बमोजिम नेपाल सरकार वा राष्ट्र बैंकले दिएको कुनै आदेश वा निर्देशनको पालना गर्दा कसैलाई कुनै किसिमको हानी नोक्सानी भएमा र बैंकसाग भएको करारमा वा बैंकको अरू व्यवस्थामा जुनसुकै कुरा लेखिएको भए तापनि अनाधिकार प्रयोग गरेको अवस्थामा बाहेक क्षतिपूर्तिको दावी लाग्ने छैन ।** | |
| | | (८) नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून वा सो अन्तर्गत बनेका नियम/विनियमहरु बमोजिम नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले दिएको कुनै आदेश वा निर्देशनको पालना गर्दा कसैलाई कुनै किसिमको हानी नोक्सानी भएमा बैंकसँग भएको करारमा वा बैंकको अरु व्यवस्थामा जुनसुकै कुरा लेखिएको भए तापनि अनाधिकार प्रयोग गरेको अवस्थामा बाहेक क्षतिपूर्तिको दावी लाग्ने छैन । | (८) **आफ्नो काम कारोवार सुव्यवस्थित रूपले सञ्चालन गर्न तथा ऐनको उद्देश्य कार्यान्वयन गर्न राष्ट्र बैंकको स्वीकृति लिई बैंकले विनियम बनाउन सक्नेछ । समितिले आवश्यकता अनुसार कार्यविधि, निर्देशिका एवं नीति बनाई लागू गर्न सक्नेछ ।** | |

| | | | | |
|---|---|---|---|---|
| | | (९) आफ्नो काम कारोवार सुव्यवस्थित रुपले सञ्चालन गर्न तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको उद्देश्य कार्यान्वयन गर्न नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकले विनियम बनाउन सक्नेछ। सञ्चालक समितिले आवश्यकता अनुसार कार्यविधि, निर्देशिका एवं नीति बनाई लागू गर्न सक्नेछ ।<br>(१०) बैंकको काम कारोवार सञ्चालन गर्नको लागि संघ, संस्था, विशेषज्ञ वा अन्य कुनै दक्ष व्यक्तिबाट व्यवस्थापन सम्बन्धी सरसल्लाह लिन सक्नेछ। बैंकको सञ्चालन वा व्यवस्थापन गर्न उचित शर्तहरुको आधारमा व्यवस्थापन सम्झौता गरी जिम्मा दिन सक्नेछ तथा आवश्यकतानुसार माथि उल्लेखित सबै वा केही उद्देश्यहरुको परिपूर्ति गर्नको लागि आवश्यक सम्पूर्ण कार्यहरु गर्न सक्नेछ ।<br>(११) बैंकले आफ्नो कूल सम्पत्ति र वासलात बाहिरको कारोवारको दायित्व सम्बन्धी जोखिमलाई खाम्न सक्ने गरी नेपाल राष्ट्र बैंकले तोकि दिए बमोजिमको अनुपातमा जोखिम व्यहोर्ने कोष राख्नेछ ।<br>(१२) बैंकले आफ्नो कूल सम्पत्तिको कूल जोखिम सम्पत्तिको आधारमा नेपाल राष्ट्र बैंकले तोकि दिएको अनुपातमा पूँजीकोष कायम गर्नेछ । | (९) **बैंकको कामकारोवार सञ्चालन गर्नको लागि संघ/संस्था, विशेषज्ञ वा अन्य कुनै दक्ष व्यक्तिबाट व्यवस्थापन सम्बन्धी सरसल्लाह लिन सक्नेछ । बैंकको सञ्चालन वा व्यवस्थापन गर्न उचित शर्तहरूको आधारमा व्यवस्थापन सम्झौता गरी जिम्मा दिन सक्नेछ तथा आवश्यकतानुसार माथि उल्लेखित सबै वा केही उद्देश्यहरूको परिपूर्ति गर्नको लागि आवश्यक सम्पूर्ण कार्यहरू गर्न सक्नेछ ।**<br>(१०) **बैंकले आफ्नो कूल सम्पत्ति र वासलात बाहिरको कारोवारको दायित्व सम्बन्धी जोखिमलाई खाम्न सक्ने गरी राष्ट्र बैंकले तोकि दिए बमोजिमको अनुपातमा जोखिम व्यहोर्ने कोष राख्नेछ ।**<br>(११) **बैंकले आफ्नो कूल जोखिम सम्पत्तिको आधारमा राष्ट्र बैंकले तोकी दिएको अनुपातमा पूँजीकोष कायम गर्नेछ ।** | |
| ३९ | ४९ | ३९. <u>अन्य आवश्यक कुराहरुः</u> (१) नेपाल राष्ट्र बैंक २०५८, बैंक तथा वित्तीय संस्था र कम्पनी सम्बन्धी प्रचलित कानूनमा परिभाषित शब्द वा शब्दावलीहरूलाई यस नियमावलीमा समेत सोही अर्थमा प्रयोग भएको मानिनेछ । | ४९. <u>अन्य आवश्यक कुराः</u> (१) **बैंकको आर्थिक वर्ष श्रावण १ गतेदेखि अर्को वर्षको आषाढ मसान्तसम्म हुनेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकाले । |

| | | | | |
|---|---|---|---|---|
| | | (२) बैंकको आर्थिक वर्ष श्रावण १ गतेदेखि अर्को वर्षको आषाढ मसान्तसम्म हुनेछ । | (२) **बैंकको शेयर चल सम्पत्ति मानिनेछ र ऐन, कम्पनी ऐन, धितोपत्र कारोबार सम्बन्धी कानून तथा प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही बैंकको शेयर धितोबन्धक राख्न वा सोको बिक्री गरी हक हस्तान्तरण गर्न सकिनेछ ।** | |
| | | (३) बैंकको शेयर चल सम्पत्ति मानिनेछ र प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी तथा धितोपत्र सम्बन्धी कानून तथा प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही बैंकको शेयर धितो बन्धक राख्न वा सोको बिक्री गरी हक हस्तान्तरण गर्न सकिनेछ । | (३) **लाभांश घोषणा गर्दाको समयमा लगत किताबमा जसको नाममा शेयर रहेको छ सो शेयरधनी लाभांशको हकदार हुनेछ ।** | |
| | | (४) लाभांश घोषणा गर्दाको समयमा लगत किताबमा जसको नाममा शेयर रहेको छ सो शेयरधनी लाभांशको हकदार हुनेछ । | (४) **बैंकका सञ्चालक तथा कर्मचारीले आफ्नो ओहदा सम्हाल्नु पूर्व तोकिए बमोजिम गोपनियता र इमान्दारीताको शपथ गर्नु पर्नेछ ।** | |
| | | (५) बैंकका सञ्चालक तथा कर्मचारीहरूले आफ्नो ओहदा सम्हाल्नु पूर्व तोकिए बमोजिम गो पनियता र इमान्दारीताको शपथ गर्नु पर्नेछ । | (५) **बैंकका कुनै सञ्चालक वा कर्मचारीले वा अन्य सम्बद्ध पक्षले आफ्नो कामको सिलसिलामा थाहा पाएको कुनै पनि सूचना वा जानकारी वा गोप्य कुराहरु कानूनले छुट दिएको अवस्थामा बाहेक अन्य अनाधिकृत व्यक्तिलाई थाहा दिनु हुँदैन ।** | |
| | | (६) बैंकका कुनै सञ्चालक वा कर्मचारीले वा अन्य सम्बद्ध पक्षले आफ्नो कामको सिलसिलामा थाहा पाएको कुनै पनि सूचना वा जानकारी वा गोप्य कुराहरू कानूनले छुट दिएको अवस्थामा बाहेक अन्य अनाधिकृत व्यक्तिलाई थाहा दिनु हुँदैन । | (६)**समितिले सञ्चालकहरुको निर्वाचन सम्बन्धी निर्वाचन निर्देशिका बनाई लागू गर्न सक्नेछ ।** | |
| | | (७) सञ्चालक समितिले सञ्चालकहरूको निर्वाचन सम्बन्धी निर्वाचन निर्देशिका बनाई लागू गर्न सक्नेछ । | (७) **सञ्चालकको नियुक्ति वा समितिको गठनमा भएको अनियमितता वा कुनै सञ्चालकको पद रिक्त रहेको कारणले समितिको कुनै काम कारवाही बदर हुने छैन ।** | |

| | | | | |
|---|---|---|---|---|
| | | (८) सञ्चालकको नियुक्ति वा सञ्चालक समितिको गठनमा भएको अनियमितता वा कुनै सञ्चालकको पद रिक्त रहेको कारणले सञ्चालक समितिको कुनै कामकारवाही बदर हुने छैन । | (८) **बैंकले सञ्चालक, शेयरधनी, कर्मचारी वा बैंकसँग सम्बन्धित विषयको सम्बन्धमा कुनै सूचना, म्याद, बन्दसवाल आदि तामेल गर्दा कम्पनी कानून तथा विद्युतीय (इलेक्ट्रोनिक) कारोवार सम्बन्धी प्रचलित कानूनको व्यवस्था बमोजिम गर्न सकिनेछ ।** | |
| | | (९) बैंकले सञ्चालक, शेयरधनी, कर्मचारी वा बैंकसँग सम्बन्धित विषयको सम्बन्धमा कुनै सूचना, म्याद, बन्दसवाल आदि तामेल गर्दा कम्पनी कानून तथा विद्युतीय (इलेक्ट्रोनिक) कारोवार सम्बन्धी प्रचलित कानूनको व्यवस्था बमोजिम गर्न सकिनेछ । | (९) **राष्ट्र बैंक ऐन,** २०५८, **ऐन र कम्पनी ऐनमा परिभाषित शब्द वा शब्दावलीहरुलाई यस नियमावलीमा समेत सोही अर्थमा प्रयोग भएको मानिनेछ ।** | |
| | | (१०) शेयर बाँडफाँड भएको मितिले दुई महिनाभित्र प्रत्येक शेयरधनीलाई निजले लिएको शेयर वापत कुनै सञ्चालक वा बैंकको कार्यकारी प्रमुख वा कम्पनी सचिव मध्ये कुनै दुई जनाको दस्तखत र बैंकको छाप लगाई शेयर प्रमाणपत्र दिइनेछ । शेयर प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था कम्पनी कानूनमा उल्लेख भए बमोजिम हुनेछ । | (१०) **यथावत** | |
| | | (११) खारेजी र बचाउः<br>(क) बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ को दफा ३० को उपदफा (२) बमोजिम बैंकको नियमावली संशोधन गरी ईजाजतपत्र प्राप्त गर्नु भन्दा अगावै वाणिज्य बैंक ऐन २०३१ को दफा ५१ ले दिएको अधिकार प्रयोग गरी बनाई लागु रहेको नेपाल बैंक लिमिटेड नियमावली, २०३२ खारेज गरिएको छ ।<br>(ख) खण्ड (क) अन्तर्गत खारेज गरिएको नियमावली बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ । | (११) **यथावत** | |

| | | | | |
|---|---|---|---|---|
| ४२ | ५० | ४२. **<u>नियमावलीमा संशोधन भएमा लागू हुने अवस्थाः</u>** (१) बैंकले यस नियमावलीमा कुनै संशोधन गर्नु पर्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रचलित कम्पनी कानूनको व्यवस्थाको अधीनमा रही गरिनेछ र सो संशोधन कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेख भएपछि मात्र नियमावली संशोधन भएको मानिनेछ ।<br><br>(२) नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी तथा धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानून संशोधन भएको खण्डमा यो नियमावली पनि सोही बमोजिम संशोधन भएको मानिनेछ र यस नियमावलीमा समेत सोही अनुरूप संशोधन गर्नु पर्नेछ । | ५०. **<u>नियमावली संशोधन भएमा लागू हुने अवस्थाः</u>** (१) बैंकले यस नियमावलीमा कुनै संशोधन गर्नु पर्ने भएमा **ऐन र कम्पनी ऐनको व्यवस्थाको अधीनमा रही साधारण सभामा विशेष प्रस्ताव परित गरी राष्ट्र बैंकको स्वीकृति लिई कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेख भएपछि मात्र नियमवलीमा संशोधन भएको मानिनेछ ।**<br>(२) **राष्ट्र बैंक ऐन**, २०५८, **ऐन, कम्पनी ऐन** तथा धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानून संशोधन भएको खण्डमा यो नियमावली पनि सोही बमोजिम संशोधन भएको मानिनेछ र यस नियमावलीमा समेत सोही अनुरूप संशोधन **गरिनेछ ।** | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकाले । |
| ४१ | ५१ | ४१. **<u>नियमावली बाझिएको हदसम्म निष्कृय हुनेः</u>** यस नियमावलीमा उल्लेख भएका कुराहरु नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी कानून, धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानून तथा अन्य प्रचलित नेपाल कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ र यस नियमावलीमा उल्लेख नभएका कुराहरुको हकमा सोही कानून वा ऐनहरुमा उल्लेख भए बमोजिम हुनेछ । | ५१. **<u>नियमावली बाझिएको हदसम्म अमान्य हुनेः</u>** यस नियमावलीमा उल्लेख भएका कुराहरु **राष्ट्र बैंक ऐन, २०५८, ऐन, कम्पनी ऐन, धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानूनसँग बाझिएमा** बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ र यस नियमावलीमा उल्लेख नभएका कुराहरुको हकमा सोही कानून वा ऐनहरुमा उल्लेख भए बमोजिम हुनेछ । | नेपाल राष्ट्र बैंकबाट प्रकाशित नमूना नियमावलीमा भएको व्यवस्था बमोजिम संशोधन गर्न आवश्यक भएकाले । |
| ४३ | ५३ | ४३. **<u>संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्याः</u>** (१) हामी नेपाल बैंक लिमिटेड नामक कम्पनीका संस्थापकहरूले देहाय बमोजिमको संख्यामा शेयर लिन कबुल गरी देहायका साक्षीको रोहबरमा यस नियमावलीमा सहीछाप गरेका छौं । | ५२. **<u>संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषणः</u>**<br>**यथावत** | |

<table>
<tr>
<td></td>
<td></td>
<td>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनी साबिक नेपाल बैंक कानून १९९४ अन्तरगत स्थापना भई पुन : साबिकमा बाणिज्य बैंक ऐन २०३१ अन्तरगत बैंकको शेयर स्वामित्व सम्बन्धी अभिलेखमा उल्लेखित शेयरधनीहरूलाई नै बैंकको संस्थापक तथा अन्य शेयरधनी मानी सोही बमोजिम स्वामित्व कायम रहेको मानिने छ ।
<table>
<tr><th>संस्थापकको नाम, ठेगाना र सहिछाप</th><th>बाबुको नाम</th><th>बाजेको नाम</th><th>लिनकबुल गरेको शेयर संख्या</th><th>साक्षीको नाम, थर, ठेगाना र सहीछाप</th></tr>
<tr><td>द.१.नामः नेपाल सरकार</td><td>-</td><td></td><td>५,७५,४२,३८३ साधारण शेयर ५१ प्रतिशत</td><td>-</td></tr>
<tr><td>द.२. सर्वसाधारण शेयरधनी</td><td></td><td></td><td>५,५२,८५,८१९ साधारण शेयर ४९ प्रतिशत</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>११,२८,२८,२०२ साधारण शेयर</td><td></td></tr>
</table>
</td>
<td></td>
<td></td>
</tr>
</table>

**नोटः**

**नोटः**




वार्षिक ब्याजदर ८.९९%*

विशेषताहरु:

- रु.९९ लाख रकम सम्मको चालु तथा स्थिर पूँजी कर्जा ।
- नयाँ व्यवसाय सुरु गर्नेका लागि पनि उपयुक्त ।
- शिघ्र निर्णय ।

नेपालको पहिलो बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
स्थापित वि.सं. १९९४

प्रधान कार्यालय: धर्मपथ, काठमाडौं
फोन नं.: ०१-४२४७९९९, टोल फ्री नं. १६६००१३७३७३

नेपालको पहिलो बैंक
www.nepalbank.com.np